नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

www.emadheshdristi.com

Madheshdristi National Daily







मधेश मुख्यमन्त्रीमा जनमतको दाबी
पृष्ठ ३ मा



● वर्ष १ ● अंक ४१ ● २०७९ साल पुस ५ गते मंगलवार ● Tuesday 20, Dec. 2022 ● पृष्ठ ८ ● मूल्य रु. ५/-


# दलको नेता बन्न मधेशका सांसदहरु लबिङ्गमा

मधेशदृष्टि
जनकपुरधाम, पुस ४ ।

मंसिर ४ गते सम्पन्न निर्वाचनको समानुपातिकको पनि परिणाम आइसकेपछि मधेस प्रदेशमा मुख्यमन्त्री पदका लागि दलको नेता बन्न विभिन्न पार्टीका नेताहरूले दौडधुप सुरु गरेका छन् ।

दलका नेताकै नेतृत्वमा सरकारमा जाने व्यवस्था रहेकोमा कांग्रेस, एमाले, माओवादी र मधेशकेन्द्रित दल जनता समाजवादी पार्टी (जसपा), लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) मा दलको नेता बन्न आन्तरिक तयारी थालेर दौडधूप सुरु गरिसकेका छन ।

प्रदेश सभा सदस्यहरुले आफ्ना पार्टीका शीर्ष नेताहरूसँग भेटघाट बढाएका छन् । मधेस प्रदेशमा पुरानै अनुहारमा २८ जना सांसद दोहरिएका छन् भने नयाँ अनुहार ३६ जना रहेका छन् ।

सबभन्दा बढी प्रदेश सरकारको नेतृत्वको आफ्नै पार्टीले गर्ने दाबी गरिरहेको नेपाली कांग्रेसमा संसदीय दलका नेता बन्न अकांक्षीहरूले दौडधुप बढाएका छन् । नेपाली कांग्रेसका मधेस प्रदेश सभापति कृष्णा प्रसाद यादव, प्रदेशका पूर्वमन्त्री रामसरोज यादव, पूर्व मन्त्री वीरेन्द्र सिहं र पर्साबाट निर्वाचित जर्नादन क्षेत्री सहितका नेताहरू संसदीय दलको नेताका लबिङ्ग गर्न आ आफ्ना नजिकका शिर्षनेताहरुसँग भेटघाट तिव्र पारेका छन ।

संघीय सांसद रहिसकेका प्रदेश सभापति कृष्णा यादवले आफू प्रदेश अध्यक्ष भएको नाताले आफूले सैद्धान्तिक रुपमा दलीय नेताको पद आफूले नै पाउनुपर्ने दाबी सहित लबिङ्ग थालेका छन । वर्तमान दलका नेता रहेका पूर्वमन्त्री रामसरोज यादव पनि यसपटक पनि आफू नै दलको नेता बन्नु पर्ने भन्दै भेटघाटलाई तिव्र पारेका छन ।

विरेन्द्र सिंह समेतले दलको नेताका लागि जीतोड कसरतमा लागेका छन । उनी आफू निकट शिर्षनेताको नियमित सम्पर्क छन । प्रदेस उपसभापति समेत रहेका सिंहले अघिल्लोपटक आफू ' ब्याक' भएकोले यसपालि दलको नेता बन्नुपर्नेमा पार्टी जोड दिइरहेका छन । कृष्णा, क्षेत्री र विरेन्द्र देउवा समूहका हुन भने रामसरोज पुर्व उपसभापति विमलेन्द्र निधि निकट नेता हुन ।

> “पार्टी अध्यक्ष उपेन्द्र यादवका विश्वास पात्र मुख्यमन्त्री राउत आफूले पछिल्लो कार्यकाल सफल पारेको भन्दै पुनः दलको नेता बनाउन दबाव दिइरहेको छ । उनी आइतवार रौतहटमा आयोजित पार्टी कार्यक्रममा सहभागी भई समेत यसबारे पार्टी अध्यक्षसँग कुराकानी गरेको बुझिएको छ ।

निधिका साथसाथै कोइराला समूहमा समेत उनले लबिङ्ग गरिरहेको पार्टी श्रोतको भनाई छ ।

'फरक समूहबाट दाबेदारी भइदिएको भए कुनै एक जनालाई प्रतिस्पर्धामा उतार्न सहज हुने थियो। सबै जना एउटै समूहको हुनुहुन्छ,' ती नेता भन्छन्,'अब पार्टी सभापतिको भूमिका महत्वपूर्ण हुने देखियो । उनको निर्देशनअनुसार थप कुरा अगाडि बढ्छ ।'

प्रदेस सभापति कृष्ण आकांक्षी बढी भएकाले पार्टीभित्र छलफल गरेर सहमतिमै निर्णय हुने बताएका छन । उनले भने 'यो प्रदेसको सभापति भएकोले दलको नेताका लागि मेरो दाबेदारी स्वभाविक हो । तर, पनि छलफलबाट सहमतिमै निर्णय हुन्छ । छलफल भइरहेको छ ।' अहिलेसम्म इतर समूहबाट कोही पनि दलको नेताका लागि आकांक्षा व्यक्त गरेका छैनन् ।

मधेस प्रदेससभामा संस्थापन पक्षकै पकड मजबुत छ । कांग्रेसका २२ प्रदेस सांसदमध्ये प्रत्यक्ष र समानुपातिक २-२ जना गरी ४ जनामात्र इतर पक्षका हुन् । दलको नेता चयन गर्न सर्वसम्मति नभएर मतदानकै अवस्था आए संस्थापन पक्षकै उम्मेदवारबीच मत बाँडिने सम्भावना देखिन्छ ।

एमालेमा पनि दलको नेता बन्न प्रदेश सभा सदस्यहरु दौडधुप सुरु गरिसकेका छन । एमालेबाट महोत्तरीबाट निर्वाचित सरोज यादव र शारदादेवी थापा तथा धनुषाबाट रामचन्द्र मण्डलले दलको नेताका लागि शिर्षनेताहरुसँग आन्तरिक भेटघाट तिव्र पारेका छन । प्रदेशसभा सदस्यमा दोहरिएका रामचन्द्र मण्डल र शारदा थापा दलको नेताका लागि आ आफ्नो हैसियत दाबी गर्दै शिर्ष नेताहरु समक्ष लबिङ्ग गरिरहेका छन ।

यादव विद्यार्थी राजनीतिदेखि नै एमालेसँग आबद्ध रहेका छन् । उनी पार्टी अध्यक्ष केप शर्मा ओलीका विश्वास पात्र पनि हुन् । मण्डलको राजनीतिक पृष्ठभूमि माओवादी केन्द्र भएपनि अहिले ओली निकट नै छन । थापा दोस्रोपटक प्रदेशसभा सदस्यमा निर्वाचित भएकी हुन् । उनी पनि ओलीका विश्वास पात्र हुन ।

यता जनता समाजवादी पार्टीमा दलका नेताका लागि तीन जनाको दाबेदारी रहेको छ। पर्साबाट निर्वाचित मुख्यमन्त्री लालबाबु राउत, बाराबाट निर्वाचित प्रदेश सभामुख सरोज कुमार यादव र समानुपातिकबाट निर्वाचित मनिष सुमन दलका नेता बन्ने ढौडधुपमा लागेका हुन् ।

पार्टी अध्यक्ष उपेन्द्र यादवका विश्वास पात्र मुख्यमन्त्री राउत आफूले पछिल्लो कार्यकाल सफल पारेको भन्दै पुनः दलको नेता बनाउन दबाव दिइरहेको बुझिएको छ। उनी आइतवार रौतहटमा आयोजित पार्टी कार्यक्रममा सहभागी भई समेत यसबारे पार्टी अध्यक्षसँग कुराकानी गरेको बुझिएको छ ।

हुनत उहाँले मधेशदृष्टिसँग कुरा गर्दै आफू दलको नेताका लागि लबिङ्ग गरिरहेको कुरा अस्वीकार गर्दै भने समय आएपछि यस बारे भन्ने बताए । उनले भने अहिले धेरै समय बांकी छ, पार्टी भित्र छलफल गर्न बांकी छ । पहिला सरकारमा जाने बारे यकिन हुने, त्यसपछि दलका नेता बारे पार्टी भित्र छलफल हुनेछ । यी कुरा बताए पनि उनले दलको नेताको लागि पछिल्लो कार्यकाल सफलतापुर्वक सम्पन्न गरेकोमा स्वभाविक रुपले आफूले पाउनुपर्ने बताए ।

तत्कालीन राजपाबाट सभामुख बनेका र पार्टी विभाजन हुँदा जसपामै रहेका सभामुख यादव पनि दलको नेताका दाबेदारीमा छन । पार्टी विभाजन हुँदा मुख्यमन्त्री बन्ने आश्वासन आफू जसपमा बसेको बताउँदै दलको नेताका लागि दाबेदारी गरिरहेको पार्टी श्रोतको भनाई छ । त्यस्तै समानुपातिकबाट निर्वाचित मनिष सुमन पनि दलको नेताका लागि लबिङ्गमा जुटेको बुझेको छ । तर सरकारमा - बाँकी पृष्ठ २ मा

वडा सदस्यले हडपेको ४ बिघा सार्वजनिक जग्गा

# महानगरपालिका आफ्नो अधिनमा ल्याउँदै



मधेशदृष्टि
वीरगंज ४ पुस ।

सार्वजनिक जग्गाका रक्षक नै भक्षक भएको उदाहरण वीरगंजमा फेला परेको छ। वीररगंज महानगरपालिकाका एक जना वडा सदस्यले हडपेको जग्गा महानगरले आफ्नो अधिनमा ल्याउने अभियान शुरु गरेको छ ।

सार्वजनिक तथा ऐलानी जग्गा अतिक्रण गरी निजी प्रयोजनमा प्रयोग गर्दै आएको जग्गा खोजी गर्न महानगरको टोली नक्सा लिएरै संभावित स्थानमा पुग्न थाले लगतै सर्वाजनिक जग्गा हडपने हरु त्रसित भएका छन् ।

महानगरपालिकाले सोमबार वडा नम्वर १७ र १९ को सीमामा रहेको कोनियाँ गाउँमा टोली खटाएर त्यहाँ अतिक्रमण गरेको सार्वजनिक जग्गा छुट्याउन नापजाँच गरेको छ । जनप्रतिनिधिले नै कब्जा गरेको सार्वजनिक जग्गा छुट्याउन नापजाँच गरेर महानगरले सार्वजनिक जग्गा खोजी अभियानको थालनी गरेको हो ।

महानगरको टोलीले वडा नम्वर १७ का वडासदस्य अमोद यादवले अतिक्रमण गरेर भोगचलन गर्दै आएको वडा नम्वर १९ कोनियाँमा पर्ने सार्वजनिक जग्गा आफ्नो अधिनमा ल्याउन नापजाँच गरेको हो ।

यादवले आफ्नो नाममा रहेको ७ कट्ठा जग्गाको आडैमा रहेको ४ विघा सार्वजनिक जग्गा अतिक्रमण गरी निजी प्रयोजनमा प्रयोग गर्दै आएको वडा नम्वर १९ का वडाध्यक्ष मुकेश कुमार चौरसियाले बताए । वीरगञ्ज महानगरपालिकाका नगर प्रमुख राजेशमान सिंहले नगरक्षेत्र भित्र रहेका सार्वजनिक जग्गा पहिचान गरी महानगर माताहातमा ल्याउन अभियान चलाएका छन् ।

अहिले महानगरसँग आफ्नो क्षेत्रमा रहेका सार्वजनिक जग्गा कति छ भन्ने कुनै पनि तथ्यांक छैन। तथ्यांक नहुँदा काम गर्न कठिनाई भएकाले महानगरले आफ्नो सीमा भित्र रहेका सार्वजनिक सम्पत्ति संरक्षण गर्न जग्गा खोजि अभियान अघि बढाइएको नगरप्रमुख सिंहले बताए । महानगरले अब नगर क्षेत्रका ३२ वटै वडामा सार्वजनिक जग्गा खोजी अभियान शुरु गर्ने नगर प्रमुख सिंहले बताए । हरेक वडामा रहेका सार्वजनिक जग्गा तथा सम्पत्तिको अभिलेखिकरण गरेर राख्न र आवश्यकता अनुसार प्रयोग गर्न महानगरले खोजी अभियान अघि बढाएको नगरप्रमुख सिंहले जानकारी दिए । अभियान अन्तर्गत सोमबार नगरप्रमुख सिंहका सचिवालयका हरि पोखरेल, नगर प्रहरी प्रमुख हरि भुषाल, नक्सा शाखाका सर्वेक्षक निरज चौरसिया, अमिन लेखनारायण कर्ण, १९ नम्बर वडाका अमिन रामेश्वर प्रसाद कुशवाहा लगायत वडा नम्वर १७ र १९ का वडाध्यक्ष तथा जनप्रतिनिधिको सहभागिता रहेको थियो ।

# फास्टट्र्याकको नाममा सेना फेरी रुख काट्दै

## बारा वन प्रमुख भन्छन् वाध्य भएर अनुमती दिएका छौं

शारदा पोखरेल
बारा, पुस ४ ।

काठमाडौं-तराई/मधेश द्रुतमार्ग (फास्ट ट्र्याक) निमार्णको लागि नेपाली सेनाले पुनं रुख काट्ने काम शुरु गरेको छ ।

द्रुतमार्ग निमार्णको क्रममा नयाँ संरचना बनाउन थप जग्गाको आवश्यकता परेको भन्दै ३ वटा सामुदायिक र राष्ट्रिय वन क्षेत्रबाट १ हजार २५ वटा रुख कटानका लागि सेनाले डिभिजन वन कार्यालय बाराबाट सहमती लिएर कटानको काम शुरु गरेको हो ।

सेनाले गतसाता देखि कछडिया, नागमणि, बाघभैरव सामुदायिक वन र राष्ट्रिय वन क्षेत्रमा रुख कटानका काम शुरु गरेको हो ।

द्रुतमार्गको जिरो पोईन्ट (निजगढ) मा सेनाको ब्यारेक क्षेत्रमा रहेको खाली जग्गालाई सदुपयोग गर्दा थप रुख काट्नु नपर्ने भन्दै यसअघि वन कार्यालयले सेनालाई आसपासका खाली जग्गामा नै आवश्यक संरचना बनाउन आग्रह गरेको थियो । तर सेनाले भने आवशयक संरचना तोकिएको स्थानमै निमार्ण गनुपर्ने अडान राखेपछि थप रुख काट्नु परेको हो ।

डिभिजन वन कार्यालय बाराका प्रमुख बिनोद सिंहले अधिकाशं सरकारी निकायहरुले वन क्षेत्र भित्रकै खाली जग्गाको सदुपयोग भन्दा पनि रुख कटानमै बढी ध्यान केन्द्रीत गर्ने गरेको गुनासो गरेका छन् ।

'हामीलाई रुख काट्न स्विकृत दिने ईच्छा छैन् तर राष्ट्रिय गौरवको आयोजना हो काम रोक्न पनि भएन, कटान अनुमती रोक्दा चौतर्फी दवाव र आलोचना सुन्नुपर्ने भएकोले बाध्य भएर अनुमती दिएका हौं' डिभिजन वन प्रमुख सिंहले भने । द्रुतमार्ग निर्माणका क्रममा सेना आफैले ०७४ देखि हालसम्म बारा, मकवानपुर र ललितपुरमा गरी २७ हजार रुख कटान गरिसकेको छ ।

आयोजनाको निजगढ कार्यदलले 'द्रुतमार्ग सडक निर्माण प्रस्तावित स्वरुप' डीपीआर र विस्तृत वातावरणीय प्रभाव मूल्यांकनमा समेत समावेश नभएका संरचनाहरु थप गर्नका लागि कटान शुरु गरेको वन कार्यालयले जनाएको छ ।

द्रुतमार्गमा चल्ने सवारी साधनसँग राजस्व उठाउन आवश्यक पर्ने ट्रोल हाउस, इन्टरचेञ्ज र हाइटेन्शन लाइनका लागि थप जग्गा आवश्यक भएकोले रुख काट्नुपरेको आयोजना कार्यालयले जनाएको छ । - बाँकी पृष्ठ २ मा

# महन्त जगन्नाथलाई थप चार दिन थुनामा राखिने

मधेशदृष्टि
जनकपुरधाम, पुस ४ ।



किर्ते जालसाजी गरेको आरोपमा पक्राउ परेका महोत्तरीको मटिहानी स्थित लक्ष्मीनारायण मन्दिरका महन्त जगन्नाथ दास वैष्णवलाई अनुसन्धानका लागि थप ४ दिन राखिने भएको छ ।

महोत्तरी प्रहरीले आइतवार विहान मन्दिरबाटै पक्राउ गरेका महन्त दासलाई कारवाहीका लागि रुपन्देही प्रहरीलाई आइतवार नै बुझाइसकेका छन । रुपन्देहीमा उनी विरुद्ध किर्ते जालसाजीको मुद्दा चलिरहेको कारण उनलाई रुपन्देही प्रहरीमा बुझाएको हो ।

रुपन्देही प्रहरीले जिल्ला अदालतमा महन्त दास विरुद्ध किर्ते जालसाजीको मुद्दा दायर गरी थप अनुसन्धानका लागि ४ दिन थुनामा राख्न आदेश लिएको छ । मुद्दा परेको आधारमा अनुसन्धान भएपछि उनलाई कारवाहीको लागि अदालतमा बुझाइने कुरा जिल्ला प्रहरी कार्यालय रुपन्देहीका प्रहरी प्रवक्ता एवं डिएसपी श्यामु अर्यालले बताएका छन ।

महोत्तरी प्रहरीले रुपन्देहीका सहायक प्रमुख जिल्ला अधिकारीको हस्ताक्षर किर्ते गरेर बैंकबाट ७० लाखभन्दा बढी रुपैयाँ झिकेको आरोपमा दासलाई पक्राउ गरेको थियो ।

करोडौं मूल्य पर्ने जग्गा बिक्री गरेपछि अख्तियार दुरुपयोग अनुसन्धान आयोग सहितका अन्य निकायहरूमा मुद्दा परेपछि महन्थ दासको नाउँमा रहेको बैङ्क खाता तथा अन्य सम्पत्तिहरू रोक्का भएको थियो ।

ती रोक्का रहेको खाता कात्तिक ४ गते रुपन्देहीका सहायक प्रमुख जिल्ला अधिकारी रामचन्द्र अर्यालको कीर्ते हस्ताक्षर गरी ७० लाख १८ हजार ५ सय १० रुपैयाँ ३५ पैसा जनकपुरधामका श्रवण यादवको नाउँमा ट्रान्सफर गरेपछि उनी विरुद्ध रुपन्देही प्रहरीमा किर्ते जालसाजीको मुद्दा परेपछि उनलाई पक्राउ गरिएको प्रवक्ता अर्यालले बताए ।




# सप्तरी शाखाद्वारा दोषिलाई कार्वाहीको माँग गर्दै संघर्षको कार्यक्रम

मधेशदृष्टि
सप्तरी, पुष ४ ।
नेपाल पत्रकार महासंघ शाखा सप्तरीले विभिन्न कार्यक्रम अघि सारेर चरणबद्ध आनदोलन गर्ने भएका छन् । नेपाल पत्रकार महासंघका पूर्व केन्द्रिय सदस्य एवं कान्तिपुर दैनिक सप्तरी सम्वाददाता अवधेश कुमार झालाई ज्यान मार्ने धम्की दिने अपराधीलाई पक्राउ गरी कार्यवाही नगरेको भन्दै शाखाले आनदोलन गर्ने भएको हो ।
सोमवार शाखाद्वारा जारी प्रेस विज्ञप्तीमा पुष ४ गते पहिलो चरणको आन्दोलनमा संघर्षको कार्यक्रम सार्वजनिक गरेका छन् भने ५ गते संघर्षको कार्यक्रम सहित पिडित पत्रकारलाई न्याय र पिडकलाई कार्यवाहीको माँग गर्दै प्रमुख जिल्ला अधिकारीलाई ज्ञापन पत्र बुझाउने र सबै पत्रकारले हातमा कालो पट्टी बाँधेर काम गर्ने उल्लेख छ । यसैगरी पुष ६ गते सप्तरी प्रहरीको औपचारिक कार्यक्रम ६ गते देखि १२ गतेसम्म बहिष्कार गर्ने, ७ गते देखि १२ गतेसम्म सप्तरी प्रमुख सहभागिता भएको जुनसुकै कार्यक्रम पनि बहिष्कार गर्ने र ८ गते सुर्खेतमा हुन गइरहेको नेपाल पत्रकार महासंघको केन्द्रिय साधारणसभा स्थलमा पिडकलाई कार्यवाही र पिडितलाई न्यायको माँगसहितको ब्यानर प्रर्दशन गरिने जनाइएको छ। पहिलो चरणको आन्दोलनको समयावधि १२ गतेसम्म स्थानिय प्रहरी प्रशाासन गम्भिर नभए शाखाले बैठक बसी दोस्रो चरणको आन्दोलनको कार्यक्रम निर्धारण गर्ने शाखाका सचिव राम नारायण विश्वासद्वारा जारी विज्ञप्ती छ ।
पत्रकार झाले राजविराज नगरपालिकाको समाचार लेखेकै कारण फेसबुक मार्फत नसरुल राजा र मो.सजाद नामको फेसबुक आइडिबाट ज्यान मार्ने धम्की आएको थियो । झालाई १९ गते ज्यान मार्ने धम्की आएपछि शाखाले २० गते आवश्यक कार्यवाहीका लागि जिल्ला प्रहरी कार्यालयमा निवेदन दिइएको हो । पछिल्लो पटक शाखाले पुष १ गते दोषिलाई कार्यवाहीको माँग गर्दै ४८ घण्टे अल्टिमेटम दिदापनि उक्त समयभित्र कुनै प्रक्रिया अथाडी नबढेकोले वाध्य भएर संघर्षमा उत्रिनपरेको विज्ञप्तीमा जनाइएको छ । साथै कार्यक्रममा सक्रिय भएर जुट्न सम्पूर्ण सञ्चारकर्मीहरुलाई आग्रह समेत गरेका छन् ।

# जाडो बढेसँगै इन्फ्लुएन्जाको जोखिम

काठमाण्डौ, पुस ४ ।
जाडोयामसँगै इन्फ्लुएन्जा (फ्लु) सङ्क्रमण जोखिम बढेको छ । जाडोमा सक्रिय हुने इन्फलुएन्जा भाइरस बच्चादेखि युवा र वृद्धवृद्धामा इन्फ्लुएन्जाको सङ्क्रमण हुँने गर्दछ । दीर्घरोगी, गर्भवती, ज्येष्ठ नागरिक तथा रोग प्रतिरोधात्मक क्षमता कम भएकालाई इन्फ्लुएन्जाको सङ्क्रमण बढी हुने गर्दछ । शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालका इन्फ्लुएन्जाका फोकलपर्सन डा मिलन ब्रजाचार्यले रोगप्रतिरोधात्मक क्षमता कम भएकालाई सङ्क्रमणको जोखिम बढी हुने गरेको बताउनुहुन्छ । दिर्घरोगी बिरामीलाई इन्फ्लुएन्जाले फोक्सोमा असर गरेर निमोनिया जस्ता समस्या आउन सक्छन, उहाँले भन्नुभयो, यस्ता बिरामीलाई सघन उपचार कक्ष (आइसियु) मा राखेर उपचार गर्नुपर्दछ ।
नेपालमा इन्फ्लुएन्जा 'ए' पुष्टि भइसकेको छ । कात्तिकदेखि फागुनसम्म इन्फ्लुएन्जा भाइरसको सङ्क्रमण हुने भएकोले सतर्कता अपनाउनुपर्ने उहाँ बताउनुहुन्छ । डा बज्राचार्यले हप्तामा सात-आठ स्वाब सङ्कलन गरेर नमुना राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा पठाउने गरेको बताउनुभयो ।
इन्फ्लुएन्जा सङ्क्रमणका बिरामीमा ज्वरो आउनु, खोकी लाग्नु र घाँटी दुख्नु, टाउको दुख्नु, नाक बन्द हुनु वा सिगान बग्नु, जिउ र मांसपेशी दुख्नु, थकान महसुस जस्ता लक्षण देखा पर्दछन् ।
इन्फ्लुएन्जा भएका सबैलाई ज्वरो नआउन पनि सक्छ । यसबाट बच्न बिरामी भएकमा व्यक्तिसँग भौतिक दूरी राख्ने, खोक्दा वा हाच्छिउ गर्दा आफ्नो मुख र नाक छोप्ने, सम्भव भएसम्म बिरामी हुँदा घरमै बस्ने, शारीरिक रुप्मा सक्रिय हुने र प्रशस्त्र तरल पदार्थ र पौष्टिक खाना खाने, बेलाबेलामा साबुनपानीले हात हुने र आफ्नो आँखा, नाक वा मुख नछुने गर्नुपर्दछ ।
रासस



# कमला नदीको पुल पुनर्निर्माणको माँग गर्दै सिरहा प्रशासनमा धर्ना

मधेशदृष्टि
सिरहा, पुस ४।
हुलाकी सडक अन्तर्गत सिरहा-धनुषा जोड्ने कमला नदीको पुल पुनर निर्माणको माँग गर्दै हुलाकी सडक सङ्घर्ष समितिले जिल्ला प्रशासन कार्यालय सिरहाको मूख्यद्वारमा सोमबार धर्ना दिएका छन्। उद्घाटनको लागि ठिक्क पारिएको भनिएको पुलको पाया भासीएको १८ महिना वितिसक्दा पनि पुनरनिर्माणमा बेवास्ता गरेकोभन्दै प्रशासन कार्यालयमा धर्ना दिएका हुन्।
धर्नापश्चात संघर्ष समितिका संयोजक समेत रहेका लेखक तथा सामाजिक अभियन्ता रामरिझन यादवले आ-आफ्नै प्रकारले कमलाको पुल बन्नु पर्छ भनेर लेख्न र बोल्ने गरेपनि अझै संयुक्त आवाज बन्न नसकेकोमा चिन्ता व्यक्त गरे। एनले भने, 'लेख्न र बोल्न चाहि कसैले पनि छुटाउदैनन्। तर, ऐक्यबद्धता जनाउन चहि मुश्किलले आउछन्। सबैको सरोकारको विषय भएपनि कमला पूल बनोस वा नबनोस भन्ने सम्बन्धमा थोरैमात्रले सरोकार रखेको पाए।'
यस्तै अवस्था रहे कमला पूल बन्न अझ कैयौ वर्ष लाग्ने यादवको कथन रहेको छ। 'यस्तो हुनुको मूलकारण जिल्लाका नेता कहलिएकाहरूलाई नै यो कमला पूलसङ्ग कुनै वास्ता छैन। यादवले भने, ' उहाँहरुलाई चासो भएको भए आफ्नो चुनावी पर्चामा एकलाइन कोर्न बिर्सिने थिएन वा सम्बन्धित कार्यक्रममा कमसेकम ऐक्यबद्धता जनाउन अवश्य आउथे।' नेताहरुलाई व्यक्तिगत रुपमा आमन्त्रण गर्दा समेत नआएको यादवको भनाई छ।
हुलाकी सडक सङ्घर्ष समिति, सिरहा




विकास मन्च तथा नागरिक समाज सिरहाले धरना तथा विरोध कार्यक्रम आयोजना गरेको संघर्ष समितिका संयोजक यादवले जानकारी दिए।
करिव १८ महिना अघि सामान्य वर्षाको भेलले पुलका पायाहरु भाषिएका थिए। २०७८ असार मासामान्य बाढीले पाया भासिएको थियो। सरकारले पुल पुनरनिर्माण गर्न निर्देशन दिए पनि ठेकेदार कम्पनीले वास्ता गरेको छैन।
कमला नदीको पुल भत्किएपछि स्थानीय युवाले बाँस तेर्स्याएर अस्थायी पुल बनाएका छन्। त्यही बाँसको पुलबाट जोखिम मोलेर दैनिक हजारौं मानिस आवतजावत गर्न बाध्य छन्।
चारपाङ्गे गाडी थेग्न सक्दैन। उनीहरुले मोटरसाइकल चढ्नेसँग दिनको एक सय लिएर आउजाउ गर्न दिएका छन्। नसक्नेले ५० र कतिपयलाई नि:शुल्क आवत जावत गर्न दिनेगरेको युवाहरु बताउँछन्।
स्थानीयले अस्थायी पुल बनाएका ८० हजार रूपैयाँ खर्चलागेको बताएका छन्। त्यसैले पनि यात्रुबाटै पैसा उठाएको उनीहरुको भनाई छ।
कमला नदीमा ७० मिटर लम्बाइ र ११ मिटर चौडाइ पुल निर्माणका लागि २०६८ मै पप्पु कन्स्ट्रक्सनले २४ करोड ९१ लाख रुपैयाँमा ठेक्का लिएको थियो। पप्पुले काम नगरेपछि सम्झौता रद्द गरी २०७६ असोज १ मा लुम्बिनी बिल्डर्स कन्स्ट्रक्सनलाई जिम्मा दिइयो।
यस विच पनि हुलाकी संघर्ष समितिले सिरहामा एक महिना ३ दिन र जनकपुरमा १० दिन अनसन बसेका थिए।

## फास्टट्र्याकको नाममा सेना.........................

'कटान भएका रुखहरु हामीले घाटगद्दी गरेर सम्वन्धित सामुदायिक र राष्ट्रिय वनलाई हस्तान्तरण गर्ने काम गर्छौं' द्रुतमार्ग आयोजना कार्यालयका एक अधिकारले भने । आयोजनाले नागमणि सामुदायिक वनबाट ७ सय ७२, कछडिया सामुदायिक वनबाट ४८, राष्ट्रिय वन क्षेत्रबाट १ सय ८४ र बाघभैरव सामुदायिक वनबाट २० वटा रुख काट्ने जनाएको छ ।
बाराको निजगढलाई जिरो पोइन्ट मानेर तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले ०७४ जेठ १४ गते द्रुतमार्गको शिलान्यास गरेका हुन् । चार वर्षभित्र निर्माण सम्पन्न गर्ने गरी ०७४ बैशाख २१ गते सरकारले द्रुतमार्ग निमार्णको सम्पूर्ण जिम्मा नेपाली सेनालाई दिएको हो ।
अनुमानित १ खर्ब ७५ करोड लगानीमा बन्ने द्रुतमार्गमा साढे ७२ किलोमिटर सडक खण्ड ४ लेनको हुनेछ । सो सडक खण्डमा ८७ वटा पुल,६ किलोमिटरको अन्तरालमा ३ वटा टनेल रहनेछन् । साढे ५५ किलोमिटर सडक क्षेत्र र बाँकी पुल र टनेलले ओगट्ने आयोजनाले जनाएको छ ।
द्रुतमार्गको ७२ किलोमिटरको यात्रा गर्न १ घन्टा २० मिनेट लाग्ने सेनाले जनाएको छ। यो सडक खण्डमा प्रतिघन्टा ८० देखि सय किलोमिटरको गतिले ठूला सवारी साधन मात्रै गुड्न सक्नेछन् । ७२ किलोमिटर दुरीमा निजगढ, मकवानपुर र ललितपुरमा गरी ३ वटा पोइन्टमा ट्रोल हाउस निर्माण हुने जनाइएको छ । तोकिएको समयभित्र द्रुतमार्ग सम्पन्न हुन नसक्ने भएपछि २०७७ असोज दोस्रो साता सरकारले पुनः ३ वर्ष लागि म्याद थपेको हो । थपिएको म्याद अनुसार ०८१ वैशाखभित्र सेनाले द्रुतमार्गको सम्पूर्ण काम सक्नुपर्नेछ । द्रुतमार्ग निमार्णको क्रममा हालसम्म भएको भौतिक र वित्तिय प्रगती यति नै भएको छ भन्न नसकिने आयोजना कार्यालयले जनाएको छ । 'सबैले बाधा अड्चन फुकाएर सहयोग गरे अहिलेको हाम्रो लक्ष्य अनुसार ०८१ मंसिरसम्म द्रुतमार्ग सरकारलाई हस्तान्तरण गर्ने हो, बीचमा फेरि बाधा अड्चन आयो भने गाह्रो हुन्छ' कार्यदलका एक अधिकारीले भने ।

## दलको नेता बन्न मधेशका .........................

जान कुन गठबन्धनसँग जाने भन्ने बारे पार्टी भित्र निष्कर्ष निकेलेको कारण खुलेर नभई आन्तरिक तयारीमै छन ।
त्यस्तै मन्त्री भरत साह पनि माओवादी केन्द्र संसदीय दलको नेतामा दोहरिन दाबेदारी गरिरहेका छन । उनी अहिले प्रदेश सरकारमा गृह तथा संचारमन्त्री हुन् । हाल माओवादीमा साहकै नाम मात्र चर्चामा छन ।
लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) मा दलको नेताका लागि पुर्व मन्त्री जितेन्द्र सोनल र सर्लाहीबाट विजयी भएका उपेन्द्र महतो दुई जनाले दाबेदारी गरिरहेको बुझिएको छ । पार्टी अध्यक्ष महन्थ ठाकुर निकट मानिएका सोनल यसअघि पनि दलको नेता चुनिएका थिए । महतो लोसपाका वरिष्ठ नेता राजेन्द्र महतोका भजिता हुन् ।
नेकपा एकीकृत समाजवादीबाट भने दलको नेतामा प्रमोद कुमार यादव र सर्लाहीबाट निर्वाचित बेची लुंगेलीको नाम चर्चामा रहेको छ ।
यादव अहिले मधेस प्रदेश सरकारका राज्यमन्त्री समेत हुन् । नेकपा एसका यसअघिका दलका नेता शत्रुधन महतो चयन गरेको थियो । तर यसपटक उनी चुनावमा पराजित भएपछि यादवले सो अवसर पाउने भन्दै पार्टी भित्र लबिङ्ग गरिरहेका छन ।
प्रदेशसभामा पहिलोपटक पुगेको जनमत पार्टीभित्र पनि दलको नेता बन्ने डौढधुप गर्नेको जमात बढी नै छ ।
सप्तरीबाट निर्वाचित सतिश सिंह, सिरहाबाट निर्वाचित त्रिभुवन साह र समानुपातिकबाट प्रदेश सासद भएका चन्दन सिंहले दलका नेताका लागि पार्टी अध्यक्ष सिके राउतसमक्ष लबिङ्ग गरिरहेका छन ।
हुनत प्रतिनिधि सभामा जनमतले दलको नेता चयन गरिसकेको छ । अब प्रदेशको दलका नेताका लागि तयारी थाल्नेछ ।





## सेक्यूरिटी सर्भिस कम्पनी बिक्रीमा

वि.सं. २०६९/०७० मा दर्ता भई मधेश प्रदेशमा संचालित अवस्थामा रहेको सेक्यूरिटी सर्भिस कम्पनी बिक्रीमा रहेकोले पुर्ण स्वामित्वमा लिई चलाउने तथा कुनै व्यक्ति संघ संस्था पार्टनर भई काम गर्न चाहनेले तु सम्पर्क गर्नु होला ।

कम्पर्क नं.:
9854020564, 9844117943


## विदेशी विनिमय दर

### Fixed Rate

| Currency | Unit | Buying | Selling |
|---|---|---|---|
| Indian Rupee (INR) | 100 | 160 | 160 . 15 |

### Open Market Rates

| Currency | Unit | Buying | Selling |
|---|---|---|---|
| USD (U.S. Dollar) | 1 | 132.30 | 132.90 |
| EUR (European Euro) | 1 | 140.03 | 140.66 |
| GBP (UK Pound Sterling) | 1 | 160.65 | 161.37 |
| CHF (Swiss Franc) | 1 | 141.69 | 142.34 |
| AUD (Australian Dollar) | 1 | 88.44 | 88.84 |
| CAD (Canadian Dollar) | 1 | 96.56 | 96.99 |
| SGD (Singapore Dollar) | 1 | 97.35 | 97.79 |
| JPY (Japanese Yen) | 10 | 9.68 | 9.72 |
| CNY (Chinese Yuan) | 1 | 18.97 | 19.06 |
| SAR (Saudi Arabian Riyal) | 1 | 35.18 | 35.34 |
| QAR (Qatari Riyal) | 1 | 36.02 | 36.19 |
| THB (Thai Baht) | 1 | 3.80 | 3.81 |
| AED (UAE Dirham) | 1 | 36.02 | 36.18 |
| MYR (Malaysian Ringgit) | 1 | 29.90 | 30.04 |
| KRW (South Korean Won) | 100 | 10.10 | 10.15 |
| SEK (Swedish Kroner) | 1 | 12.71 | 12.76 |
| DKK (Danish Kroner) | 1 | 18.83 | 18.91 |
| HKD (Hong Kong Dollar) | 1 | 17.00 | 17.07 |
| KWD (Kuwaity Dinar) | 1 | 431.51 | 433.46 |
| BHD (Bahrain Dinar) | 1 | 350.93 | 352.52 |

## ----- राशिफल -----

**मेष - ARIES** चु,चे,चो,ला,लि,लु,ले,लो,अ
आज फजुलको धन खर्च हुनसक्छ । घरायसी कामधन्दाका लागि खट्नु पर्ने छ । मनमा दुबिधा उत्पन्न हुनेछ । चोटपटकको भय छ सचेत रहनुहोला ।

**वृष- TAURUS** इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
नयाँ काम सुरु गर्ने समय छ। जोशजाँगर र उमंग बढ्ला । आर्थिक कारोबारमा सफलता पाइएला । साथीभाइबाट बढी फाइदा लिने समय छ ।

**मिथुन - GEMINI** का,कि,कु,घ,ङ,छ,के,को,ह
उन्नति एवं प्रगतिको वातावरण बन्नेछ । शैक्षिक क्षेत्रमा सफलता मिल्नेछ। वैदेशिक कार्य अघि बढ्नेछ। मेहनतीहरूका लागि दिन फलदायी रहनेछ ।

**कर्कट - CANCER** हि,हु,हे,हो,डा,डि,डु,डे,डो
आज कुनै कुराले मन प्रसन्न रहनेछ । रोकिएको काम दोहोर्याएर गर्दा फाइदा हुनेछ । समाजसेवामा मन लाग्नेछ । विशिष्ट व्यक्तिको साथ पाइनेछ ।

**सिंह - LEO** मा,मि,मु,मे,मो,टा,टि,टु,टे
दबाब र तनाव बढेको महसुस हुनेछ । ताके अनुरूप काम नबन्नाले दिक्क लाग्नेछ । जिद्दीपनाले गर्दा काम बिग्रने डर छ, तर आफन्तको साथ पाइनेछ ।

**कन्या - VIRGO** टो,प,पि,पु,ष,ण,ठ,पे,पो
आज एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ । व्यापारमा मनग्ये धनलाभ हुनेछ । शुभकार्यको चर्चा चल्नेछ । भूमिबाट पनि लाभ रहला ।

**तुला - LIBRA** र,रि,रु,रे,रो,ता,ति,तु,ते
नयाँ व्यक्ति सँग भेटघाट हुनेछ । रोकिएको धन हात पर्ला । सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ ।

**वृश्चिक - SCORPIO** तो,ना,नि,नु,ने,नो,या,यि,यु
रोकिएका काम पुनः सुरु हुन सक्छन् । श्रमको उचित मूल्याङ्कन हुनेछ । व्यवसायको सन्दर्भमा आदर्श व्यक्तित्व सँगको सहकार्यले नयाँ अनुभव मिल्नेछ ।

**धनु- SAGITTARIUS** ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
आज अधिकार प्राप्तिका लागि संघर्ष गर्नु पर्ला । अनावश्यक यात्रा रहला, तर मित्रबाट साथ र लाभ मिल्नेछ साथै सन्तान सुख पनि मिल्नेछ ।

**मकर - CAPRICORN** भो,ज,जि,खि,खु,खे,खो,गा,गि
शुभकार्यको चर्चा चल्नेछ । छोटो दुरीको लाभदायक यात्रा रहला । एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ । आस मारेको काम बन्न सक्छ ।

**कुम्भ - AQUARIUS** गु,गे,गो,सा,सि,सु,से,सो,द
आज रचनात्मक काममा जुट्ने समय छ । विपरीत वर्ग प्रति आकर्षण बढ्नेछ । वैदेशिक क्षेत्रको काम अघि बढ्नेछ । प्रेम सम्बन्ध पनि कसिलो होला ।

**मीन - PISCES** दि,दु,थ,झ,ञ,दे,दो,च,चि
आज पारिवारिक साथ, जमघट र समर्थन पाइएला । विद्या र बुद्धिको विकास हुनेछ । आफ्नो परिश्रमअनुसार उपलब्धि पनि राम्रै पाइएला ।

## ☎☎ महत्वपूर्ण टेलिफोन नम्बरहरु ☎☎

### धनुषा (०४१)

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० |
| ५२६०९१,०४१६२०४९१,५२०२३०, ५२३८६४ | |
| | ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

### महोत्तरी (०४४)

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

### रत्नसागर मन्दिर (प्रत्येक दिन)

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरती: | ८:०० बजे |
| भोगराज लाग्ने सयम: | ११:३० बजे |
| निशुल्क अन्न क्षत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समय: | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समय: | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम: | १०:०० बजे |

## मन्दिरको समय

### जानकी मन्दिर (प्रत्यके दिन)

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षत्रे : | नि:शूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँभझा : | ०७:३० बजे |


### राम मन्दिर (प्रत्येक दिन)

| | |
|---|---|
| बिहान ढोका खूल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँझ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |



निर्माणाधीन पुल : रुपनी-राजविराज सडक खण्डअन्तर्गत सप्तरीको रुपनीमा निर्माणाधीन पुल । यो सडकलाई स्तरोन्नति गर्नका लागि चार लाइनको सडक निर्माण गर्न लागिएको हो ।
*तस्विर : अरुणकुमार यादव/रासस*

# मधेश मुख्यमन्त्रीमा जनमतको दाबी : राउत



मधेशदृष्टि
जनकपुरधाम, पुस ४ ।
जनमत पार्टीका अध्यक्ष डा. सिके राउतले मधेस प्रदेशको मुख्यमन्त्रीमा आफ्नो पार्टीको दाबी रहेको बताएका छन् ।

निर्वाचन आयोगले आयोजना गरेको जलपान कार्यक्रममा सहभागी भएका अध्यक्ष राउतले सञ्चारकर्मीहरूसँग कुरा गर्दै भने आफ्नो पार्टीबाट विजयी सदस्यहरूको संख्या र मधेसका जनताको माग पनि जनमत पार्टीको नेतृत्वको सरकार चाहियो भन्ने चाहना भएकोले आफ्नो पार्टीको दाबेदारी रहेको बताए ।

उनले हालको सत्ता गठबन्धनलाई नै समर्थन रहने संकेत गर्दै भने यसका लागि पार्टीले उठाउँदै आएका मागहरू पुरा गर्न सरकारले घनिभूत र ठोस रुपमा प्रतिबद्धता जनाउनु पर्ने बताए ।

अघिल्ला सरकारले गरेका जस्तो कागजमा मात्रै सीमित प्रतिबद्धताको पछि जनमत नलाग्ने बताउँदै भने 'जनताका जनजीविकाका सवालमा निर्वाचनअघि दलहरूले गरेका प्रतिबद्धता पुरा हुनुपर्छ । यस्तै, किसानसँग गरेका वाचा प्रतिबद्धता पुरा भए अहिलेकै सत्ता गठबन्धनमा हाम्रो समर्थन गर्नेछु ।'

उनले यो सत्ता गठबन्धन बाहेक अरुसँग पनि छलफल भइरहेको र ती छलफललाई सकारात्मक रुपमा लिएको बताए । संचारकर्मीहरुको जिज्ञासामा उनले अघिल्लो साता एमाले अध्यक्ष केपी ओलीसँग भएको भेटमा सरकार गठनसँग सम्बन्धित नभएर सामान्य शिष्टाचार भेट मात्रै भएको बताए । यसै बिच जनमतको दलको नेतामा डा. सीके राउत चयन भएका छन ।

जनमतको संसदीय दलको नेतामा अध्यक्ष डा. सिके राउत चयन भएका छन् भने उपनेतामा अब्दुल खान चयन भएको छ । यस्तै प्रमुख सचेतकमा अनिता देवी साह चयन भएकी छन् । काठमाडौंको बुद्धनगरस्थित पार्टी कार्यालयमा बसेको सांसदहरूको बैठकबाट उनी दलको नेता, उपनेता र प्रमुख सचेतक चयन भएको हो । पार्टीले पहिला संसदीय दलको नेतामा अध्यक्ष सीके राउतलाई चयन गरेको थियो । त्यसपछि क्रमश: दलको उपनेता र प्रमुख सचेतक चयन गरेका हुन ।

प्रतिनिधिसभा सदस्य निर्वाचनमा जनमत पार्टीबाट प्रत्यक्षतर्फ डा. राउत सप्तरी क्षेत्र नं. २ बाट भारी मतान्तरले विजयी भएका थिए । प्रतिनिधि सभामा जनमतको एक प्रत्यक्ष र ५ समानुपातिक गरी ६ जना सांसद रहेका छन् । यसैबीच, सोही बैठकले लुम्बनी प्रदेशको प्रदेश सभाका लागि जनमतले संसदीय दलको नेतामा चन्द्र किशोर गुप्तालाई चयन गरेको छ । तर मधेश प्रदेशमा सहमति नजुटेकाले टुंगो लाग्न बाँकी छ ।

# जटिन नृत्यको सम्बन्धी जनकपुरधाममा एक दिने सङ्गोष्ठी



मधेशदृष्टि
जनकपुरधाम, पुस ४ ।
नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानको नृत्य विभागले मिथिला क्षेत्रका प्रसिद्ध लोकनृत्य जट जटिन नृत्यको सम्बन्धी जनकपुरधाममा एक दिने सङ्गोष्ठीको आयोजना गरिएको छ ।

कार्यक्रममा सहभागीहरूले जटजटिन नृत्यका विषयमा प्रकाश पार्नुका साथै यससँग जोडिएका सामाजिक तथा सांस्कृतिक विषय वस्तुका विषयमा प्रकाश गर्दै मिथिलाले अहिले पनि यसलाई संरक्षण गरेर राखेको बताए ।

मधेश प्रदेश सरकारले गठन गरेको मधेश प्रज्ञा प्रतिष्ठानका उपकुलपति रामभरोस कापडीले जटजटिन नृत्य मिथिलाको प्राचीन नृत्य भएको बताउँदै यस नृत्यले दिएको सन्देशका विषयमा प्रकाश पार्दै यसको संरक्षणमा कलाकारहरूले गरेको कामको प्रशंसा गरेका थिए । सो कार्यक्रममा जटजटिन नृत्यका विषयमा साहित्यकार रोशन जनकपुरीले ३३ पृष्ठ लामो कार्यपत्र प्रस्तुत गर्दै लोक नृत्यको परम्परा तथा यसको प्रयोगको विषयमा गहन अनुसन्धान मूलक कार्यपत्र प्रस्तुत गरेको थियो । प्रस्तुत ती कार्यपत्रमाथि साहित्यकार एवं त्रिभुवन विश्व विद्यालयका उपप्राध्यापक श्याम सुन्दर शशीले टिप्पणी गरेका थिए ।नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका प्राज्ञ सदस्य नमूना शर्माले अध्यक्ष आसन्नबाट बोल्दै मिथिला क्षेत्रको इतिहास, लोक संस्कृति, परम्परा तथा नृत्य निक्कै प्राचीन रहेको र यसको संरक्षणमा प्रतिष्ठानले सहयोग गर्न तयार भएको बताएका थिए । सो कार्यक्रममा जटजटिन मैथिली गीतका गीतकार सुनिल मल्लिक, सङ्गीतकार अशोक दत्त, हिमांशु चौधरी, सुजित झा तथा कवि काशीकान्त झा सहितका साहित्यकार, कलाकार, नर्तक, नताङ्गना सहितका व्यक्तिहरूको सहभागिता थियो । कार्यक्रमको संयोजन गायक नवीन मिश्रले गरेका थिए ।

# राष्ट्रपतिमा एकिकृत समाजवादीको वटमलाइन

मधेशदृष्टि
जनकपुरधाम, पुस ४ ।
नेकपा (एकीकृत समाजवादी) ले राष्ट्रपति पद आफ्नो पार्टीले नै पाउनुपर्ने बटमलाइन बनाउने भएको छ ।

निर्वाचनको परिणाम सार्वजनिक भएपछि सरकार गठनका लागि राष्ट्रपतिले आह्वान गरेसँगै दलहरुबीच पद बाँडफाँटबारे आन्तरिक गृहकार्य तीव्र भएको छ । समाजवादीले राष्ट्रपति पदलाई आफ्नो बटमलाइन बनाउने कार्यमा जुटेका छन ।

हालकै सत्ता गठबन्धनले नै सरकार बनाउने तयारी भएका बेला गठबन्धनमा आबद्ध माधव नेपाल नेतृत्वको नेकपा समाजवादीले 'पावर सेयरिङ'को भागबण्डामा राष्ट्रपतिको ' बटमलाइन' बनाउने पार्टीभित्र सहमति भएको हो ।

आइतबार बसेको सचिवालय बैठकमा गठबन्धनमा पावर सेयरिङबारे छलफल हुँदा राष्ट्रपतिलाई बटमलाइन बनाउँदा उपयुक्त हुने निष्कर्ष निकाल्दै सोही अनुसार अघि बढ्नेबारे नेताहरूबीच कुराकानी भएको छ । त्यसक्रममा नेताहरुबीच अहिले कांग्रेस र माओवादीले प्रधानमन्त्रीमा दावी गरेकाले ठूलो दलको हैसियतले सो पद उनीहरूलाई नै छोड्नुपर्ने निष्कर्ष समेत निकालेको छ ।

'प्रधानमन्त्रीमा दावी गर्न हाम्रो संसद संख्याको हिसाबले हैसियत पुग्दैन, त्यो गर्न पनि मिल्दैन', बैठकमा भएको छलफलबारे उद्धृत गर्दै एक सचिवालय सदस्यले रातोपाटीसँग भने, 'पावर सेयरिङका क्रममा हामीले राष्ट्रपतिलाई बटमलाइन बनाउनुपर्छ भन्नेमा सबै नेताको निष्कर्ष छ ।'

सो क्रममा अध्यक्ष माधवकुमार नेपालले राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, सभामुख र उपसभामुखमा प्याकेजमा सहमति गर्न लागेको 'ब्रिफिङ' गरेका थिए ।'बाहिर प्रधानमन्त्री र राष्ट्रपति दुवै कांग्रेसले नछोड्ने भन्ने प्रचार भइरहेको छ । माओवादीले प्रधानमन्त्री नछोड्ने पनि भनिएको छ । यो दुवै एकअर्कालाई दवावमा राख्ने नीति हुनसक्छ', अध्यक्ष नेपालले बैठकमा ब्रिफिङ गर्दै भनेका थिए, 'ठूलो दलको हैसियतले कांग्रेसले प्रधानमन्त्री र माओवादीले सभामुख र उपराष्ट्रपति लिन सक्छ। यद्यपि राष्ट्रपतिमा समेत उनीहरूले बार्गेनिङ गर्न सक्छन् तर हाम्रो दरो अडान आवश्यक छ ।'

पार्टी सचिवालयको बैठकमा नेताहरूले शीर्ष नेताहरूलाई सत्ताको भागबण्डाबारे चासो राखेका थिए । नेताहरूको जिज्ञासापछि अध्यक्ष नेपालले आफ्नै पार्टीका कारण ओली सत्ताच्युत भएकोदेखि देउवा प्रधानमन्त्री भएको भन्दै आफ्नो पार्टी संख्यात्मक रुपमा सानो भएपनि राजनीतिक रुपमा ठूलो अर्थ लाग्ने भएकाले आफूहरूलाई कांग्रेस र माओवादीले अण्डरस्टिमेट गर्न नसक्ने बताएका थिए ।

'संख्यात्मक रुपमा हामी थोरै भएपनि राजनीतिक रुपमा हाम्रो भुमिका धेरै महत्वपूर्ण छ', नेता नेपालको भनाइ उद्धृत गर्दै स्रोतले भन्यो, ' शक्ति बाँडफाँटमा पनि हाम्रो सम्मानजनक हैसियत हुन जरुरी छ ।'

सत्ता गठबन्धनको चाँडै बैठक बसेर प्रमुख पद बाँडफाँट गर्ने तयारी छ । माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले सोमबार चितवन पुगेर गठबन्धनको बैठक बसेर प्रमुख पदहरुबारे प्याकेजमा सहमति गर्ने प्रयास भइरहेको बताएका थिए । समाजवादीको बटमलाइन अनुसार पार्टीका सम्मानित नेता झलनाथ खनाललाई राष्ट्रपतिका रुपमा अघि सार्ने तयारी छ । केपी ओली नेतृत्वको सरकार विस्थापन गर्ने बेलादेखि नै खनाललाई राष्ट्रपतिका रुपमा अघि सारिएको थियो । मंसिरको निर्वाचनमा इलाम-१ बाट उपविजेता बनेका खनाल एमालेका महेश बस्नेतसँग पराजित बनेका थिए । पराजित भएपछि खनालले पुन मतदानको माग गर्दै सर्वोच्चमा रिट निवेदन दिएका छन् । 'यसअघि गठबन्धनबाटै नेता खनाललाई राष्ट्रपतिका लागि प्रस्ताव गरिएको हो । अव उपयुक्त समय पनि आएकोले उहाँ नै उपयुक्त पात्र हो', अध्यक्ष नेपाल निकट स्रोतले भन्यो,'सरकारमा जाँदा महासचिव डा. बेदुराम भुसालको नेतृत्वमा जाने र राष्ट्रपति झलनाथ कमरेडलाई बनाउने नेताहरूबीच आन्तरिक सहमति भएको छ ।'

# लोसपाका सांसदहरुको सम्मान




मधेशदृष्टि
जनकपुरधाम, पुस ४ ।
लोकतान्त्रिक समाजवादी पार्टीले नवनिर्वाचित प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्यलाई बधाई दिदै सम्मान गरेका छन । सोमवार पार्टी कार्यालयमा लोसपाले एक कार्यक्रमको आयोजना गरी पार्टीका अध्यक्ष महन्थ ठाकुर लगायत अन्य शीर्ष नेताले प्रत्यक्ष तथा समानुपातिबाट निर्वाचित सांसदहरुलाई अबिर र गम्छा लगाएर बधाई दिई सम्मान गरेको लोसपाका कार्यालय सचिव रञ्जित झाले बताएका छन् । सम्मान गर्दै लोसपाका अध्यक्ष ठाकुरले जो जुन क्षेत्रबाट विजय भएको छ, त्यहीबाट आ-आफ्नो क्षेत्रका जनताका लागि काम गर्न आग्रह गरे । मधेसको अधिकारका लागि अझै संघर्ष गर्नुपर्ने आवश्यकता रहेको र त्यसका लागि तयार रहन नवनिर्वाचित सांसदहरुलाई आग्रह समेत गरे । लोसपाले प्रतिनिधि सभाको प्रत्यक्षमा चार सिट जितेको छ भने मधेस प्रदेशमा ९जना र लुम्बिनी प्रदेशमा ३ जना प्रदेश सभा सदस्य रहेका छन् ।

# लालबन्दी बजार बन्द गराउने विषयमा व्यापारीबीच मतभेद



घनश्याम बलम्पाकी
सर्लाही, पुस ३ ।
सर्लाहीको प्रमुख व्यापारिक केन्द्रका रुपमा रहेको लालबन्दी बजारमा व्यापारिक विश्राम लिने अर्थात् महिनामा २ दिन बजार बन्द गर्ने विषयमा व्यापारीबीच कलह बढ्दै गएको छ । यहाँ प्रत्येक महिनाको पहिलो र तेस्रो आइतबार बजार बन्द हुने गर्थ्यो । केही दिनअघि उद्योग वाणिज्य संघ र चेम्बर अफ कमर्शले आइतबारको साटो शनिबार बजार बन्द गर्ने निर्णय गर्यो । तर, सो निर्णयपछि शनिबार वा आइतबार कुन दिन बजार बन्द गराउने भन्ने विषयमा व्यापारीहरुबीचमै मतभेद देखिएको हो ।

वाणिज्य संघ र चेम्बरको निर्णय अनुसार हिजो पुस २ गते पहिलो आइतबार बजारका केही व्यापारीले आफ्नो पसल व्यवसाय बन्द गरे । भित्री बजारका व्यापारीले भने निर्णय नमान्ने भन्दै हिजो शनिबार पसल खोले र आज आइतबार भने आ-आफ्नो पसल बन्द गरे । भित्री बजारका एक व्यापारीले वर्षौंदेखि पहिलो र तेस्रो आइतबार बजार बन्द हुँदै आएकाले सोही अनुसार हुनुपर्ने आफूहरुको माग रहेको बताउनुभयो। भित्री बजारमा रहेका कपडा पसल, कस्मेटिक पसल, भाँडा पसल, मरमसलाका पसल लगायत अन्य पसलहरु आज बन्द रहे । व्यापारीबीचका मतभेदका कारण ग्राहकहरुमा बजारका पसल पहिलो र तेस्रो शनिबार वा आइतबार कुन दिन बन्द हुन्छ भनी अन्यौलता छाएको छ । उद्योग वाणिज्य संघ लालबन्दीका अध्यक्ष दीपेन्द्रकुमार बलम्पाकीले वाणिज्य संघ र चेम्बर अफ कमर्शले गठन गरेको समितिले दिएको सल्लाह अनुसार आइतबारको साटो शनिबार व्यापारिक विश्राम लिने निर्णय गरिएको बताएको छ ।

लालबन्दी बजारमा व्यापार गर्ने छ हजार भन्दा बढी व्यापारीमध्ये दुई हजार दुई सयको हाराहारीमा व्यापारीहरु उद्योग वाणिज्य संघमा आवद्ध छन् ।

# मौसमी कामदार व्यवस्थापन निर्देशिका स्वीकृत

नेपाल सरकारले मौसमी कामदार व्यवस्थापन निर्देशिका, २०७९ स्वीकृत गरेको छ । यसैगरी सरकारले अन्नमा आधारित पूरक बाल आहारको गुणस्तर मापदण्ड निर्धारण गर्नेसम्बन्धी आदेश स्वीकृत गरेको सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले जानकारी दिनुभयो । सरकारले कालीगण्डकी नदी क्षेत्रबाट दुई थान शिला जनकपुरधामस्थित जानकी मन्दिरलाई उपलब्ध गराउन स्वीकृति दिने निर्णय गरेको यही पुस ३ गते बसेको मन्त्रिपरिषद् बैठकको निर्णय सार्वजनिक गर्न आयोजित पत्रकार सम्मेलनमा उहाँले जानकारी दिनुभयो ।

यसैगरी खाद्यपदार्थमा हेभी मेटलको अधिकतम मात्रा निर्धारण गर्नेसम्बन्धी आदेश स्वीकृत गर्ने, नीलगिरि खोला १ र २ जलविद्युत् आयोजनाको २२० केभी प्रसारणलाइन निर्माणका लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्न दिने निर्णय गरिएको छ ।

बैठकले माथिल्लो फावाखोला जलविद्युत् आयोजना निर्माणका लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्न दिने र संरक्षण क्षेत्र भित्रका जलविद्युत् आयोजनाका लागि थप सर्त समावेश गर्ने निर्णय गरेको सरकारका प्रवक्तासमेत रहनुभएका मन्त्री कार्कीले बताउनुभयो ।

## सम्पादकीय

# गुठीका जमिन दीर्घकालिन समाधान आवश्यक

धार्मिक मठ मन्दिर भनेका आस्थाका पुञ्ज हुन् । त्यहाँ धार्मिक पूजा आजा हुन्छ, भवन किर्तन हुन्छन् भन्ने मानसिकता बनेको हुन्छ आम मानिसहरुमा । त्यसैले मठ मन्दिहरुमा भक्तजनहरुको भिड लाग्दछ । मन्दिरका पुजारी, महन्थहरु प्रति अगाध विश्वास रहेको हुन्छ भक्तजनहरुको । आम मानिसले विश्वास गरेका हुन्छन् महन्थ पुजारीहरु सद् विचारका धनी हुन्छन्, धार्मिक मनोवृतीका हुछन्, सदाचारी हुन्छन् । तर कतिपय अवस्थामा जन विश्वास विपरितका काम कारवाहीका घटनाहरु सार्वजनिक हुने गर्दछन् । मठ मन्दिरका पुजारी महन्थहरु अपराधिक कामकारवाहीमा प्रवृत भएका घटनाहरु बेला बेलामा आइरहेका हुन्छन् । धर्मको आडमा गरिने कतिपय कामकारवाहीमा प्रहरी प्रशासनले आँखा चिम्लने र राजनीतिक नेतृत्वले काखी च्याप्ने प्रवृती पनि देखिदैं आएका छन् समय समयमा ।

धनुषा र महोत्तरी जिल्लाका विभिन्न स्थानमा अहिले पनि जानकी मन्दिर, मटिहानी मठ लगायतका विभिन्न मन्दिरको नाममा हजारौ विघा जमिन रहेको स्थानीय बताउँछन् । तर, राम्रो व्यवस्थापनको अभावमा जसले पायो त्यसैले खायो गरेको स्थिति छर्लङ्ग छ ।

विगतमा पनि जग्गाको कारोवार, आर्थिक लेनदेन र यौन मामला तथा हत्या प्रकरणमा समेत महन्थको नाम आएको थियो ।कतिपय घटनाहरुको प्रशासनिक कानूनी कारवाही पनि चलिरहेको छ । तर पछिल्लो पटक सतहमा आएको एउटा घटनाले एकै पटक धेरै विषय बाहिर ल्याएको छ ।

घटना अनुसार महोत्तरी स्थित मटिहानी गुठीका महन्थ जगन्नाथ दासलाई बैंकमा किर्ते जालसाजी गरि ७० लाख रुपैया निकालेको आरोपमा प्रहरीले प्रक्राउ गरेको छ र आवश्यक कारवाही अगाडि बढाएको छ । जग्गाा किनबेच लगायतका मामलामा मुछिएर गुठी संस्थानबाट कारवाही परेर निलम्बनमा रहेको समयमा बैंकमा रोक्का रहेको पैसा झिकेको आरोप लागेको छ उनी माथी । महन्थ दासले रुपन्देहीमा रहेको मेगा बैंकबाट पैसा झिकेको बताइएको छ । बैंक खाता महन्थको आफ्नै भएपनि उनीमाथी कारवाही चलाउँदै सरकारले खाता रोक्का राखेको थियो । तर, उनले रुपन्देहीका सहायक जिल्ला अधिकारीको हस्ताक्षर किर्ते गरेको आरोप छ । आरोपको न्यायिक छानविन र निरुपण हुँदै गर्ला । तर, मन्दिरमा भजन किर्तनमा रम्नुपर्ने व्यक्तित्व जग्गा कारोवार मुछिनु, जग्गााको पैसा हिनामिना गरेको आरोपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग लगायतका संस्थाको छानविनमा पर्नु आफैमा सुखद कुरा होइन । व्यक्तिगत रुपमा महन्थ जगन्नाथ दास र यस मामलामा जोडिएका केही मानिस माथीको कानूनी कारवाहीहरुको परिणाम आउँला ढिलो चाँडो । तर,त्यो भन्दा ठूलो दायरामा भक्तजनहरुको दिलदिमागमा धार्मिक व्यक्तित्वहरु प्रति पर्ने नकारात्मक प्रभावको तुलना हुनसक्तैन ।

यो घटनासँगै जनकपृरधाम उपमहानगर पालिकामा पनि केही दिन अघि पोखरीको डिल लिजमा दिने सम्बन्धमा विवाद उत्पन्न भएको थियो । अदालतको आदेश पछि त्यो विवाद हाललाई साम्य भएको छ । गुठी संस्थानका पदाधिकारीहरु पदको प्रभाव र प्रलोलनमा परेर कतिपय अनावश्यक विषयमा हात हालिरहेको छन् र गर्नुपर्ने कामबाट पन्छिरहेको देखिन्छ । धनुषा, महोत्तरी लगायतका जिल्लामा गुठीको जग्गाहरुमा समस्या देखिएको छ, विवादहरु उत्पन्न भएका छन्, कतिपय धर्मको आडमा मनोमानी गर्ने प्रवृती देखिएका छन् । यस्ता समस्यालाई समयमै सल्टाएर भने आउँदा झन् बढी उल्झन निम्त्याउनसक्छ ।

गुठीका तथा मठ मन्दिर लगायतका धार्मिक संस्थाका नाममा रहेका जमिनहरुबारे विस्तृत अध्ययन गरेर कुनै निश्चित निकाय अर्न्तगत राख्ने काम गर्न ढिलो भैसकेको छ । यसमा सबै भन्दा बढी गुठी संस्थान जिम्मेवार देखिन्छ । धार्मिक संस्थासँग जोडिएका व्यक्तित्वहरु अपराधिक काममा समेत लागेको घटनाहरुले समस्याले दीर्धकालिन समाधान खोजेको सन्देश दिएको हो । मन्दिरहरुका सम्पत्तिको लाभ लिने र अरनखटनबाट पुजारी वा महन्थहरुलाई अलग गर्ने संस्थागत परिपाटी बसाल्नमात्र सकियो भनेमात्र सतहमा देखिएका धेरै विकृतीहरु आफै नियन्त्रित्र हुने वातावरण बन्दछ । यसका लागि गुठी संस्थान, स्थानीय तह र सरकारका जिम्मेवार निकाय संवेदनशिल हुन आवश्यक छ ।

# वित्तीय संघीयतासापेक्ष आर्थिक सुधार

*नेपालको सार्वजनिक खर्च प्रणालीमा विगतदेखि चाङ्ग लागेर बसेका, न्यून खर्च क्षमता, आयोजनाको ठेक्कादेखि कार्यान्वयनसम्ममा हुने ढिलासुस्ती र भ्रष्टाचार लगायतका कमजोरीमाथि वित्तीय संघीयताको कार्यान्वयनले थप चुनौती थपेको छ ।*



- प्राडा. अच्युत वाग्ले

सामान्य अर्थमा सुधार शासकीय पद्धतिको लएउटा निरन्तर प्रक्रिया हो । तर, आर्थिक सुधारलाई विशिष्ट प्राविधिक परिभाषा दिइएको छ । यो परिभाषामा वास्तवमा सुधार (रिफम) भनेको उदारीकरण (लिबरलाइजेसन) हो । यसैअनुरूप अवधारणाहरू निर्माण र कार्यान्वयन भएका छन् । कतिपय अवस्थामा आर्थिक सुधार (इकोनोमिकरिफम) र वित्तीय सुधार (फाइनान्सियल रिफम) लाई पर्यायवाची रूपमा बुझ्ने र व्यवहार गर्ने गरिएको छ ।

खासमा वित्तीय (क्षेत्र) सुधार समग्र आर्थिक सुधारको एउटा तर सम्भवतः सबभन्दा महत्वपूर्ण अवयव हो । र, आर्थिक सुधारको अवधारणा नै सन् १९७० को दशकमा दक्षिण अमेरिकी मुलुकहरू र नौ वटा एसियाली मुलुकको वित्तीय क्षेत्रको सुधारबाट प्रारम्भ भएको हो ।१ तिनै नौमध्येका चार वटा अर्थतन्त्रपछि 'एसियाली टाइगर' बने । त्यसैले यी दुई सुधारलाई एकअर्काका परि पूरक धेरै सन्दर्भमा समानार्थी रूपले बुझ्ने गरिएको हो ।

आर्थिक सुधारको परिभाषाभित्र समग्र वित्त प्रणाली (फिस्कल सिस्टम) लाई चुस्त, पारदर्शी र आर्थिक वृद्धिमा योगदान गर्न सक्षम बनाउन गरिने नीतिगत, संस्थागत र सञ्चालनगत सुधार पर्दछन् । अर्थतन्त्रलाई खुला, न्यून नियमन गरिएको र विश्व अर्थतन्त्रसँग एकाकार बनाउनु आर्थिक सुधार हो भन्ने परिभाषाले विश्वव्यापी मान्यता पाएको देखिन्छ । हिसाबले, सन् १९८४ देखि आंशिक अभ्यासमा ल्याएर सन् १९८९ मा लिपीवद्ध गरिएको ' बासिङ्टन कन्सेन्ससले सूत्रवद्ध गरेका १० बुँदाको कार्यान्वयन नै आर्थिक सुधारको विश्व मानक बनेको छ । केही समाजवादी र बामपन्थी चिन्तकहरूले कहिलेकाहीँ सुधारको यो भाष्य (न्याराटिभ)मा विमति जनाएजस्तो देखिए पनि आर्थिक सुधारको विश्वव्यापी प्रभाव पार्ने औकातको वैकल्पिक भाष्य निर्माण भएको छैन । यसर्थ, यो आलेखमा पनि आर्थिक सुधारको सैद्धान्तिक मानक (पिभट) अर्थशास्त्री जोन विलियमसन्सले लेखेको र अमेरिकी अर्थ मन्त्रालय, विश्व बैक अन्तर्राष्ट्रिय मुद्राकोषको सर्वसम्मतीले कार्यान्वयनमा लगिएको त्यही वासिङ्टन कन्सेन्ससलाई मानिएको छ ।

वासिङ्टन कन्सेन्सस'का १० एजेण्डा

१.वित्तीय नीति अनुशासनः कुल गार्हस्थ्य उत्पादन (जीडीपी)को अनुपातमा बजेट घाटा न्युन राख्ने र सरकारले कानुन बनाएर मात्र सार्वजनिक ऋण लिने ।

२. सार्वजनिक खर्चको पुनः अभिमुखीकरणः प्राथमिक शिक्षा, प्राथमिक स्वास्थ्य सेवा र पूर्वाधार लगानीजस्ता प्रमुख आर्थिक वृद्धिलाई सघाउने पूर्वाधार, शिक्षा र स्वास्थ्य र गरिबी निवारणका कार्यक्रममा मात्र सरकारले खर्च गर्ने । अनुदान प्रणालीको अन्त्य गर्ने ।

३. कर प्रणालीमा सुधारः करको आधार फराकिला पार्ने तर करका दरहरू घटाउने ।

४.ब्याज दरमा नियामकले हस्तक्षेप नगर्ने र बजारलाई निर्धारण गर्न दिने ।

५. बजार प्रतिस्पर्धाका आधारमा विनिमय दर निर्धारण पद्धति अपनाउने ।

६. व्यापार उदारीकरणः मात्रात्मक प्रतिबन्ध (लाइसेन्स आदि) को अन्त्य गर्ने ।

७. प्रत्यक्ष विदेशी लगानीका लागि उदार नीतिहरू अपनाउने ।

८ सार्वजनिक स्वामित्वका उद्यम-व्यवसायको निजीकरण गर्ने ।

९ .विनियमन (डिरेगुलेसन): बजार प्रवेशमा अवरोध हुने वा प्रतिस्पर्धालाई प्रतिबन्धित गर्ने सबै नियम कानुन हटाउने ।

१०. निजी सम्पत्तिमाथिको अधिकारलाई कानुनले नै सुरक्षित गर्ने ।

'वासिङ्टन कन्सेन्सस'का यी दस बुंदाले आर्थिक र वित्तीय दुवै क्षेत्रका सुधारका मूलभूत आयामलाई समेटेका छन् । नेपाल र संसारभर नै आर्थिक उदारीकरण, बजेट अनुशासन, कर प्रणालीमा सुधार, निजीकरण, अनुदान कटौतीका जति लामा राजनीतिक भाषण गरिए पनि सारमा ती सबैको मिलनबिन्दु यही 'कन्सेन्सस' ले सूत्रबद्ध गरेका दस बुँदाको वरिपरि घुमिरहेको छ । यसपछि आएको 'थप बासिङ्टन कन्सेन्सस' (अग्मेन्टेड वासिङ्टन कन्सेन्सस) ले भ्रष्टाचार नियन्त्रण, सुशासन र केन्द्रीय बैंकको स्वतन्त्रतालगायतका दस विषय समेटेको छ, जुन सुधारको थप मार्गप्रदर्शक दस्तावेज हो । आर्थिक सुधारको एउटा आयामले सार्वजनिक वित्त व्यवस्थापन -पब्लिक फाइनान्सियल म्यानेजमेन्ट) लाई प्रभावकारी बनाउने एवं अर्थतन्त्रको उत्पादकत्व अभिवृद्धि गर्ने र अर्को अयामले वित्तीय क्षेत्रको प्रणालीगत जोखिम (सिस्टेमिक रिस्क) न्यून गर्दै अर्थतन्त्र वृद्धिको लक्ष्य हासिल गर्न आवश्यक आर्थिक स्रोत जुटाउन वित्तीय प्रणालीलाई सक्षम बनाउने लक्ष्य राखेको हुन्छ । यसका अतिरिक्त, औपचारिक वित्तीय सेवामा पहुँच वृद्धि र नियामकीय प्रभावकारिता पनि विकसित लमुलुकको सुधारबाट अपेक्षित परिणाम हो । यो आलेखले नेपालले अवलम्बन गरेका आर्थिक एवं वित्तीय क्षेत्रका सुधारलाई समुच्चमा राखेर पर्गेल्ने प्रयास गरेको छ । साथमा, मुलुक संघीयता पुनर्संरचित भएको यथार्थमा आर्थिक वित्तीय सुधारको अबको सम्भावित प्राथमिकताबारे केही प्रस्तावना गर्ने छ ।

> “अक्सर आरोप लाग्ने गरेझैं नेपालको आर्थिक सुधारका कार्यक्रम दाताद्वारा परिचालित, दाताद्वारा लगानी भएका र उनीहरू कै प्राथमिकतामा बनाइएको छ । समस्या पहिचान गर्ने हाम्रो राष्ट्रिय क्षमता पनि यसको कारक हो । यसरी हेर्दा वित्तीय संघीयतामा देखिएका समस्या र चुनौतीमाथि दाताहरूको दृष्टि अझै पुगेको छैन भनेर मान्नुपर्ने हुन्छ । यो एक प्रकारले ठीकै पनि किन हो भने नेपाल आफैंले अबको आर्थिक सुधारको मार्गचित्र निर्माण र कार्यान्वयन गर्ने अवसर पाएको छ । यसलाई सदुपयोग गरेर 'होम ग्रोन' आर्थिक सुधारको कार्यक्रम बनाउन सकिन्छ, जुन प्रस्टतः संघीयतासापेक्ष होस् ।

नेपालमा आर्थिक सुधार

क) पहिलो चरण (सन् १९८५-२०००) सन् १९८५ सम्म नेपालको अर्थतन्त्र मूलतः राज्य नियन्त्रित र अर्न्तमुखी थियो । सरकारी स्वामित्वका चार वटा बैंक थिए । सम्पूर्ण वित्तीय सम्पत्तिको झन्डै ७० प्रतिशत हिस्सा नेपाल बैंक र राष्ट्रिय वाणिज्य बैंकले मात्रै ओगट्थे । केन्द्रीय बैंक स्वतन्त्र थिएन । त्यसैले सरकारले चाहेजति आन्तरिक ऋण उठाउँथ्यो । र, समयमा तिर्दैनथ्यो । राजस्वको आधार सानो थियो । परिणामतः आर्थिक वर्ष ०४१/४२ को अन्त्य (सन् १९८५ जुलाई) मा राज्यको भाखा नाघेको ऋण नै जीडीपीको ४०.५ प्रतिशत नाघेको थियो । राज्यको खर्च गर्ने क्षमता कम भएकाले वित्तीय प्रणलीमा व्यावसायिक कर्जाका लागि आवश्यक तरलताको अभाव थियो, जसका कारण निजी क्षेत्र फस्टाउन सकेको थिएन । संरचनागत अलचकता, न्यून आर्थिक वृद्धि र समग्र आर्थिक अस्तव्यस्तताले मुलुकलाई गाँजेको र राज्यको आर्थिक प्रणालीका सबै क्षेत्रमा सुधारको आवश्यकता देखिएको थियो । यिनै सुधारका लागि सन् १९८५ मा सरकारले आर्थिक स्थायित्व कार्यक्रम (इकोनोमिक स्ट् याबिलाइजेसन प्रोग्राम) लागू गर्‍यो । यसका लागि सरकारले विश्व बैंकसँग 'स्ट्रक्चरल एडजस्टमेन्ट प्रोग्राम' (साप) का लागि ऋण सम्झौतामा हस्ताक्षर गर्‍यो । 'साप' को पहिलो चरण (सन् १९८६-१९८९) को सुधारको उद्देश्य अर्थतन्त्रमा सरकारको हस्तक्षेप कम गर्ने, राष्ट्रिय वाणिज्य बैंक र नेपाल बैंक लिमिटेडमा भएका पोर्टफोलियो व्यवस्थापनको समस्या सल्ट्याउने र बैंकिङ क्षेत्रमा विदेशी लगानी भित्र्याउन आवश्यक कानुनी सुधार गर्नु रहेको थियो । सन् १९८९ मा कर्जा सूचना केन्द्रको स्थापना भयो । नेपाल राष्ट्र बैंक ऐनमा केही संशोधन भयो । अन्तर ाष्ट्रिय मुद्रा कोषको समेत सहयोगमा ॥।साप-२' (सन् १९८९- १९९२) लागू भयो । यो अवधिमा राष्ट्र बैकको सुपरीवेक्षकीय क्षमता अभिवृद्धिको कार्य भयो । दुइटा विदेशी लगानीका बैंकहरू, नेपाल अरब बैंक लिमिटेड (नबिल) र नेपाल इन्डोस्वेज बैंक (हालको नेपाल इन्भेष्टमेन्ट बैंक) यही अवधिमा खुले । यी सुधारका कार्यक्रमको सफलता वा असफलताबारे फरक धारणा छन् तापनि ॥।साप' नै नेपालको आर्थिक र वित्तीय क्षेत्र सुधारकोअथवा आर्थिक उदारीकरणको आधारशिला हो भन्ने कुरामा विवाद छैन । सन् १९९०को राजनीतिक परिवर्तनपछिको पहिलो निर्वाचित सरकारले उदारीकरणको दिशामा व्यापक कानुनी र संस्थागत सुधार गर्‍यो । मुख्यगरी औद्योगिक व्यवसाय ऐन, वैदेशिक लगानी तथा प्रविधि हस्तान्तरण ऐन एवं श्रम ऐनमा गरिएका उदारवादी बजारमैत्री व्यवस्था र सरकारको स्वामित्वमा रहेका कतिपय उद्योग व्यवसायको द्रुत गतिमा गरिएको निजीकरणले नेपाल आर्थिक सुधारको बाटोमा अग्रसर भएको सन्देश दिएको थियो । यिनै सुधारका कारणले शिक्षा, स्वास्थ्य, हवाई र सडक यातायात, जलविद्युत् बैंक तथा वित्तीय संस्था आदिमा निजी लगानीमा उल्लेख्य वृद्धि भयो । अहिले ती क्षेत्रको विस्तारको लाभ अर्थतन्त्रले पाइरहेको छ । यसैबीच सन् १९९६ बाट माओवादी सशस्त्र द्वन्द्व सु? भयो । अनेकौं अरू कारणले गर्दा पनि आर्थिक सुधारको यो चरण लक्ष्यअनुरूप सफल भएन । खासगरी सरकारी स्वामित्वका बैंकहरूको निजीकरण गर्नेलगायतका कार्ययोजना पूरा भएनन् ।

ख) दोस्रो चरण (सन् २०००-२०१०) सन् १९९९मा विश्व बैंक र अन्तर्राष्ट्रिय मुद्रा कोषले नेपालको 'वित्तीय क्षेत्र मूल्यांकन' तयार पारे । सरकारले यही अध्ययनका आधारमा वित्तीय क्षेत्र रणनीति पत्र (एफएसएसएस) तयार पार्‍यो र २० नोभेम्बरमा सार्वजनिक गर्‍यो ।

यसअन्तर्गत,१. वित्तीय क्षेत्रको कानुनी सुधार, २. राष्ट्र बैंकको सुपरीवेक्षण एवं नियमनको सबलीकरण, ३. राबाबैंक र नेबैंलिको पुनर्संरचना गरी निजीकरण ४. बैंकिङ तालिम केन्द्रको स्थापना, ५. कर्जा सूचना केन्द्रको सबलीकरण, ६. सम्पत्ति व्यवस्थापन कम्पनीको स्थापना, ७. कृषि विकास बैंकको पुनर्संरचना र सबलीकरण, ८. ग्रामीण विकास बैंकहरूको स्थापना र सबलीकरणलगायत थिए । यी उद्देश्य हासिल गर्न विश्व बैंकले ऋण र अनुदान मिश्रित १ कारोड ६० लाख डलरको आर्थिक सहायता दियो । साथै, सरकारले दसौं पञ्चवर्षीय योजना (सन् २००२-२००७) लाई गरिबी निवारण रणनीतिपत्रका रूपमा प्रस्तुत गर्‍यो । यसका ६ वटा विशेष उद्देश्य थिए । १. सार्वजनिक खर्च व्यवस्थापन, २. वित्तीय क्षेत्रको सुधार, ३. वि (बजेट) प्रणालीमा सुधार, ४. वैदेशिक व्यापार

र श्रम सम्बन्ध सुधारलगायत निजी क्षेत्रको प्रतिस्पर्धी क्षमतामा सुधार, ५. निजामती सेवामा सुधार,

- बाँकी पृष्ठ ६ मा


# एउटै नदीमा धेरै हाईड्रो– जोखिमको खेती

**– वासुदेव न्यौपाने**

आधा दशक अघिसम्म नेपाल अन्धकारमय थियो। तर विगत केही वर्षदेखि नेपालले आफूलाई चाहिने बिजुली मात्र उत्पादन गरेको छैन, बरु निर्यात गर्ने बिजुली समेत उत्पादन गर्दै आएको छ। तर गर्मीमा भने नेपालले भारतबाट बिजुली आयात गर्दै आएको छ, किनकी नेपालका नदीनालामा सुख्खा याममा जलप्रवाह कम हुन्छ । नेपाल विद्युत प्राधिकरणका अनुसार, नेपालले भारतलाई २०७९ सालको असार मसान्तदेखि भदौ मसान्तसम्म रु ७ अर्ब १९ करोडको विद्युत निर्यात गरेको छ। लोडसेडिङ अन्त्य भएको सुरुका ३ वर्षमा प्राधिकरणले ६५३ मेगावाट विद्युत आयात गरेको भए पनि हाल सुख्खा याममा हुने आयात समेत घट्दै गइरहेको प्राधिकरणका निर्देशक कुलमान घिसिङले सार्वजनिक रुपमा बताउने गर्नुभएको छ।

नेपालका सम्पूर्ण नदिनालालाई कोशी, गण्डकी, कर्णाली र महाकाली गरी चारवटा बृहत् जलाधार क्षेत्रमा विभाजन गरिएको छ। यी सबै बृहद् जलाधार क्षेत्रका कतिपय नदिनालाबाट बिजुली उत्पादन भएर प्रयोगमा आइरहेको छ, भने कतिपयमा विद्युत गृहहरू निर्माणकै क्रममा रहेका छन्।

अध्ययनका अनुसार नेपालमा प्राविधिक रूपमा निर्माण गर्न सकिने विद्युत गृहहरूबाट ४५,६०० मेगावाट विद्युत उत्पादन गर्न सकिन्छ, भने देशका ४ मुख्य बृहत् जलाधार मध्ये गण्डकी बृहत् जलाधार क्षेत्रमा मात्र करिब ६ हजार ६ सय मेगावाट विद्युत उत्पादनको सम्भावना रहेको छ। गण्डकी बृहत् जलाधार भित्र पर्ने मर्स्याङ्दी जलाधार क्षेत्र देशैभरिमा सबैभन्दा धेरै विद्युत उत्पादन गृह भएका जलाधार क्षेत्र मध्ये एक पर्दछ। विद्युत विकास विभागको २०२० को तथ्याङ्कअनुसार मर्स्याङ्दी नदि र यसका सहायक नदीहरूमा



आठवटा विभिन्न क्षमताका विद्युत गृहहरूको सञ्चालनमा छन भने १७ वटा विद्युत गृहले निर्माणका स्वीकृति लिएका छन्। त्यसैगरी पाँचवटा विद्युत गृह निर्माणका लागि अनुमति माग गर्दै आवेदन प्राप्त भएको छ। १३ वटा विद्युत गृहको निर्माणको लागि सर्भे लाइसेन्स जारी गरिएको छ, भने पाँच वटा विद्युत गृह नेपाल सरकारको योजना बैङ्कमा रहेका छन्।

जम्मा ४ हजार ७४ वर्ग कि मि क्षेत्रफल भएको मर्स्याङ् दी जलाधार क्षेत्रले देशको कुल विद्युत उत्पादनमा हाल १७% को योगदान गरिरहेको छ। निर्माण अनुमोदित प्राप्त , सर्भे का चरणमा रहेका, नेपाल सरकारसँग योजना बैङ्क मा भएको सबै योजनाहरू निर्माण भए भने मर्स्याङ्दी जलाधार क्षेत्रले मात्र देशको कुल विद्युत उत्पादनमा ५.५ प्रतिशत योगदान गर्नेछ। देशको कुल भूभाग मध्ये २.२४ प्रतिशत मात्र भूभाग ओगट्ने मर्स् याङ्दी जलाधार क्षेत्रले देशभरीको विद्युत उत्पादनको ५.५% योगदान दिएको अवस्थामा यसले आर्थिक समृद्धिमा मात्र टेवा गर्ने छैन , थुप्रै जोखिमहरू समेत साथसाथै लिएर आउनेछ।

सन २०१७मा जारी भएको जलवायु परिवर्तरन र जलविद्युतसम्बन्धी एक अनुसन्धान (ब्मबउतबतष्यल तय अष्बितभ अजबलनभ ष्ल तजभ जथमचयभभिअतचष्अष्तथ कभअतयच ष्ल ल्भउबी) ले नेपालका मर्स्याङ्दी जस्ता जलाधारहरूमा निर्माण हुने हाईड्रोपावरहरूले ४ वटा विभिन्न जोखिमहरूको सामना गर्नु पर्ने जनाएको छ ; सुखायाममा झन कम जलप्रवाह, अत्यधिक वर्षा, गेग्रेनको मात्र बढ्नु, हिमताल विस्फोटन तथा पहिरो सिर्जित तालबाट हुने बाढी।

सुक्खा मौसम (डिसेम्बर-मार्च), प्रि-मनसुन (अप्रिल-मे) र मनसुन पछि (अक्टोबर-नोभेम्बर)का अवधिहरूमा जलप्रवाहमा हुने कमीले परियोजनाहरू प्रतिकूल रूपमा प्रभावित हुन्छन्। मौसमी भिन्नता बाहेक, कम प्रवाहको अन्तर-वार्षिक भिन्नता पनि महत्त्वपूर्ण छ किनकि यसले विद्युत उत्पादनको निरन्तरता र विश्वसनीयतालाई असर गर्छ।

चरम वर्षा (झ्हतचझ्भ च्बष्लाबर्ी) र मनसुन प्रवाह भविष्यमा बढ्ने अनुमान गरिएको छ। नदीमा उहि समयमा हुने प्रवाहमा आधारित आयोजनाहरू उच्च जोखिममा हुन्छन्। झन ३,००० वर्ग कि.मि. भन्दा कम जलाधार क्षेत्र भएका नदीहरूमा त यसको नकरात्मक प्रभाव झन धेरै हुन्छ।

मर्स्याङ्दी जस्ता नदी प्रणालीहरूमा तलछट भार (क्भमष्भलत ींयबम) र सांद्रता (ऋयलअभचलतचबतष्यलक) पहिले नै बढी छ। मानव निर्मित हस्तक्षेपहरू र जलाधारको क्षयसँगै भविष्यमा जलवायु परिवर्तनका कारण थप तीव्र वर्षाले तलछट (कभमष्भलत) समस्याहरू बढ्ने

- बाँकी पृष्ठ ६ मा

# धनुषामा ६६ प्रतिशतभन्दा बढी करदाता सम्पर्कमै आउँदैनन्



जनकपुरधाम, ४ पुस

धनुषामा सरकारी कार्यालयको नियमित सम्पर्कमा नआउने करदाताको सङ्ख्या ६६ प्रतिशतभन्दा बढी रहेको पाइएको छ । आन्तरिक राजस्व कार्यालय जनकपुरधाम धनुषाका अनुसार करको दायरामा आएकामध्ये ६६ प्रतिशतभन्दा बढी करदाता न समयमा कर विवरण दाखिला गर्छन् न त कार्यालयको सम्पर्कमा आउँछन् । कार्यालयका प्रमुख कर अधिकृत किशोर बर्तौलाले कूल करदातामध्ये ६६ प्रतिशतभन्दा बढीले नियमितरुपमा कर दाखिला नगर्ने गरेको पुष्टि गरे । यहाँ दर्ता भएकामध्ये ६६ प्रतिशतभन्दा बढी करदाताले तोकिएको समयमा कर विवरण दाखिला गरिरहेका छैनन, उनले भने , यस तथ्याङ्कले हामी चिन्तित छौँ । नियमितरुपमा कर विवरण तथा कर रकम दाखिला गराउन पहल भइरहेको छ । प्रमुख कर अधिकृत बर्तौला आफ्नो क्षेत्रभित्र रहेका व्यावसायी तथा व्यावसायिक सङ्गठनका प्रतिनिधिसँग छलफल गरेर समस्याको पहिचान र त्यसको समाधानका लागि आफूहरु प्रयासरत रहेको जानकारी दिन्छन । करदाता शिक्षामार्फत सचेतना अभिवृद्धि र कानुनअनुसार कारबाहीको प्रक्रिया सँगसँगै अगाडि बढाइरहेको उनले बताए । पहिलो चरणमा मोबाइलमा कर विवरण दाखिलाका लागि सन्देश पठाउने र दोस्रो चरणमा हरेक करदातालाई चिठी पठाउने काम गर्छौं, उनले भने , यसरी पनि सम्पर्कमा नआए अन्तिम विकल्पको रुपमा सम्पत्ति, बैंक खाता रोक्का र आवश्यक रकम असुलउपरका लागि कानुनी बाटो अवलम्बन गर्छौं ।नेपाल उद्योग वाणिज्य सङ्घ धनुषाका अध्यक्ष जितेन्द्रकुमार महासेठले कर शिक्षाको अभावमा धेरै व्यवसायीले समस्या भोगिरहेको बताए । सरकारी कार्यालयले स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्धि करको प्रमाणपत्र जारी गर्दा नै कर शिक्षा दिएर सचेत गराउनुपर्ने महासेठको भनाइ छ । जुन प्रयोजनका लागि करको दायरामा आएको हो, त्यही बेला भविष्यमा लापर्वाही गर्दा हुने क्षतिका विषयमा जानकारी दिन जरुरी छ, अध्यक्ष महासेठले भने , असावधानी वा अनभिज्ञता जाहेर गरेर करबाट मुक्ति पाईँदैन । अहिले नतिरे पनि भविष्यमा सम्पत्ति बेचेर साखासन्तानबाट समेत कर असुली हुन्छ भनिदिनुपर्‍यो नि ! व्यवसाय दर्ता गर्ने तर कुनै कारणले कारोबारै नगर्ने, व्यवसाय बन्द नगरेरै विदेशिने वा अन्य काममा लाग्ने कारणले अहिलेको समस्या आइरहेको भन्दै महासेठले व्यावसायिक सङ्गठन र सरकार मिलेर यो समस्या समाधान गर्नुपर्ने आवश्यकता औँल्याए । नेपाल उद्योग परिसङ्घ धनुषाका अध्यक्ष विजय साहले करदातामैत्री वातावरण नभएकाले समस्या थप विकराल बन्दै गएको बताए । कर तिर्न अभिप्रेरित गर्ने भन्दा निरुत्साहित गर्ने खालको वातावरण रहिरहेसम्म यो समस्या पनि थप बढ्दै जाने उनको भनाइ छ । कर तिर्न लालायित गर्ने वातावरण छैन, कर नतिर्दा हुने जोखिमको विषयमा पनि प्रयाप्त जानकारी छैन । त्यसै कारण बर्सेनि यो समस्या बढ्दै छ, साहको भनाइ थियो, सरकारले कर असुल्ने नियत मात्रै राखेनन । उनले व्यावसायिक सङ्गठन पनि यस विषयमा गम्भीरताका साथ अगाडि बढ्न जरुरी रहेको बताए । करदाताले प्रत्येक महिना आफूले बुझाउनुपर्ने कर रकम स्वयं निर्धारण गरी सो महिना समाप्त भएको २५ दिनभित्र विवरण पेस गर्नुपर्ने कानुनी प्रावधान छ । यसो नगर्दा तोकिएको राजस्व लक्ष्य पूरा गर्न पनि समस्या हुने र बक्यौता बढ्दै जाने धनुषाका प्रमुख कर अधिकृत बर्तौलाले बताए। उनले राजस्व नउठेर तत्काल राज्यलाई समस्या भए पनि दीर्घकालमा करदातामाथि नै दायित्व थपिँदै गई जायजेथा बेचेर असुल गरिने सरकारी नीति रहेकाले करदाता सेवा कार्यालयमा आई वा अनलाइनमार्फत समयमै कर बुझाउन सबैलाई आग्रह गरे । जिल्लामा हाल ३४ हजार चारसय ६३ आयकरदाता छन् । त्यसमध्ये सात हजार चारसय ७७ मूल्य अभिवृद्धि कर र एक हजार चारसय ३५ अन्तःशुल्कमा दर्ता भएका आयकरदाता रहेका छन् । यहाँ व्यक्तिगत स्थायी लेखा नम्बर लिनेको सङ्ख्या ७१ हजार एकसय ९८ छ । आर्थिक वर्ष २०७७/७८ मा कर विवरण नबुझाउनेको सङ्ख्या १३ हजार पाँचसय २७ रहेकोमा २०७८/७९ मा त्यो सङ्ख्या बढेर २४ हजार चारसय तीन पुगेको आन्तरिक राजस्व कार्यालय जनकपुरधाम धनुषाको तथ्याङ्क छ । चालु आर्थिक वर्षमा पनि मूल्य अभिवृद्धि करदातामध्येकै चार हजार नौ सय ९८ फर्म सम्पर्कमा नआएको कार्यालयले जनाएको छ ।तोकिएको समयभित्र कर दाखिला नगरेकै कारण हालसम्म कार्यालयले आयकरतर्फ रु २८ करोड ७८ लाख ७२ हजार सातसय ८९ र मूल्य अभिवृद्धि करतर्फ रु २८ करोड ५९ लाख ५९ हजार आठ सय ९६ गरी कूल ५७ करोड ३८ लाख ३२ हजार छसय ८५ बक्यौता उठाउन बाँकी छ । ब्याज, थप दस्तुर, विलम्ब शुल्कसमेत गरेर सो बराबर बक्यौता उठाउन बाँकी रहेको आन्तरिक राजस्व कार्यालय जनकपुरधाम धनुषाले जनाएको छ । यस कार्यालयको कार्यक्षेत्रमा सिन्धुली, सर्लाही र महोत्तरी जिल्लासमेत छन् ।रासस



विराटनगर-१ स्थित पानीटङ्कीका फलफुल व्यवसायी मोहम्मद आशुले विगत ४० वर्षदेखि एकै थलोमा फलफुल बिक्री वितरणलाई निरन्तरता दिँदै । रासस

# कौडीमा बिक्री हुन्छन् कर्णालीका जडीबुटी

सुर्खेत, ४ पुस

जडीबुटीको प्रचूर सम्भावना बोकेको कर्णाली प्रदेश त्यसको उपयोग गर्न नसक्दा विकासको हरेक दृष्टिबाट पछाडि धकेलिएको छ । जडीबुटी खेती प्रवर्द्धन गरेर कर्णालीमा उत्पादित जडीबुटीलाई व्यवस्थितरुपमा बिक्रीवितरण गर्ने हो भने पनि जडीबुटीबाटै कर्णालीको आर्थिक समृद्धि सम्भव रहेको विभिन्न अध्ययनबाट प्रष्ट हुन्छ । अनेकौं किसिमका जडीबुटी उत्पादन हुने यो प्रदेश जडीबुटीको राजधानीका रुपमा चिनिन्छ । सरकारले कर्णालीलाई जडीबुटीको क्षेत्र भनेर केही वर्षअघि नै घोषणा गरिसकेको भए पनि त्यसको उपयोग गर्नेतर्फ ठोस काम हुन सकेको छैन । यद्यपि, जडीबुटीको पकेट क्षेत्र पहिचान, स्थायी नर्सरी निर्माण, जडीबुटी प्रजातिको प्राथमिकीकरण, जडीबुटी बिरुवा उत्पादन तथा खेती विस्तार गर्ने काम पनि भएका छन् । वन विकास गुरुयोजनामा पनि आर्थिक समृद्धिका लागि जडीबुटीको प्रवर्द्धन गर्ने उल्लेख छ । नेपालमा हाल सात सय प्रजातिका जडीबुटी औषधिका रुपमा प्रयोग हुँदै आएका छन् । वनस्पति विभागले सात हजार किसिमका फूल फुल्ने वनस्पतिमध्ये ७०० प्रजातिका वनस्पति जडीबुटी औषधिका रुपमा प्रयोग हुँदै आएको बताएको छ । विभागका अनुसार औषधिका रुपमा प्रयोग हुने जडीबुटीमध्ये सबैभन्दा बढी कर्णाली क्षेत्रमा जडीबुटी उत्पादन हुने गरेका छन् । वनस्पति विज्ञहरुका अनुसार कर्णालीमा हावापानी तथा जलवायु राम्रो र मानवीय चाप कम भएकाले धेरैमात्रामा जडीबुटी उत्पादन हुने गरेका छन् । यहाँबाट ७९ प्रकारका जडीबुटी निर्यात गरिन्छ । कर्णालीमा १४७ जातको जडीबुटी पाइने अनुमान गरिए पनि प्रशोधन भण्डारणका लागि नेपालगञ्ज लैजानुपर्ने बाध्यता छ ।

### कच्चा पदार्थका रुपमा जडीबुटी विदेश निर्यात

यहाँका अधिकांश जडीबुटी बाह्य देशमा निर्यात हुँदै आएको छ । सरकारी तथ्याङ्कअनुसार वार्षिक रुपमा करिब १२ हजार मेट्रिक टन जडीबुटी कर्णालीबाट निर्यात हुँदै आएको छ । ती सबै जडीबुटी प्रशोधनबिना नै कच्चापदार्थका रुपमा निर्यात हुने गरेको कर्णाली प्रदेश वन निर्देशनालयले जनाएको छ । कर्णालीले आर्थिक वर्ष २०७८/७९ मा जडीबुटीतर्फ कूल रु तीन करोड ३६ लाख नौ हजार ५८८ राजस्व सङ्कलन गरेको प्रदेश वन निर्देशनालयका निर्देशक गोविन्दप्रसाद दाहाल बताउछन । कच्चापदार्थका रुपमा मात्र बहुमूल्य जडीबुटी प्रदेशबाट बाहिर निर्यात हुँदा यसबाट जति लाभ लिन सक्नुपर्ने हो त्यसको निकै थारै मात्र प्राप्त भएको उनको भनाइ छ । प्रदेशमै कच्चापदार्थको प्रशोधन गरी तयारी सामग्री अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धी मूल्यमा मात्र निर्यात गर्नसके आम्दानीको थप स्रोतसमेत प्राप्त हुन सक्दछ । वीरेन्द्रनगरमा सुगन्धित तेल उत्पादन गर्ने उद्देश्यले स्थापना भएको उद्योग ‘बायो-कर्णाली एरोमा’ले खेर गएको जडीबुटीको उपयोग गरी राम्रो आम्दानी गर्न सकेको उदाहरणबाट पनि यो तथ्य पुष्टि गर्दछ । कर्णालीमा उपलब्ध जडीबुटीको पात, काण्ड तथा जरालाई वास्पीकरण विधिबाट तेल उत्पादन गरी उद्योगले युरोपको बजारमा निर्यातसमेत सुरु गरिएको छ । यस उद्योगले उत्पादन गरेका १५ मिलिलिटर झोल भएको सुगन्धित तेल अहिले स्पेन र जापानमा निर्यात हुने गरेको छ । ती सुगन्धित तेललाई डिब्बामा प्याकेजिङ गरिएको छ । ‘लेमन ग्रास, युकलिप्टस र क्याम्फर’ नाम गरेका फरकफरक चार वटा उत्पादनलाई बजार परीक्षणका लागि स्पेन र जापान पठाइएको उद्योगका सञ्चालक राजेन्द्र विष्टले जानकारी दिए । प्रत्येक उत्पादन करिब ६० वटाजति हामीले बाहिर पठाएका छौँ, यी सामग्रीका बारेमा राम्रै प्रतिक्रिया पाएका छौँ, उनले भने , अब भने धेरैमात्रामा यसको उत्पादन हुन्छ होला । यी उत्पादनलाई सौन्दर्य, सुगन्ध चिकित्सा, स्वच्छ-सरसफाइका क्षेत्रमा प्रयोग गर्न सकिने विष्टले जानकारी दिए । सामान्य आँखाले हेर्नुपर्दा यी उत्पादनहरु अन्य तरल पदार्थसँग मिश्रण गरी प्रयोग गर्ने हो । खासगरी युरोपको बजारमा योग उपचारलगायतका क्षेत्रमा यस्ता अर्गानिक उत्पादनको माग बढी हुने विष्ट बताउछन । जडीबुटीको प्रयोगले धूप, छालामा लगाउने ‘क्रिम’ लगायतका क्षेत्रमा उद्योगले अन्य उत्पादन निर्माण प्रक्रियासमेत सुरु गरेको उहाँले जानकारी दिए । कच्चापदार्थ र नीतिगत असहजता वीरेन्द्रनगर नगरपालिका नै स्थायी ठेगाना रहेका उद्योग सञ्चालक विष्ट जैविक रसायनमा स्नातकोत्तर गरेका युवा छन । कोभिड-१९ सङ्क्रमणकालीन समयमा बाहिरी जिल्ला र देशबाट आउनुअघि नै वीरेन्द्रनगरमा सेनिटाइजरलगायतको उत्पादन गरेका थिए । यसतर्फ स्वास्थ्य सरसफाइ सामाग्री उत्पादनका लागि उनको अर्को छुट्टै उद्योग सञ्चालनमै रहेको छ । कर्णालीबाट अन्तर्राष्ट्रिय बजारमा निर्यात गर्ने उद्देश्यले उहाँले २०७९ वैशाखमा बायो कर्णाली एरोमा उद्योग सञ्चालनमा ल्याए । आफ्नै प्रयोगशालामा परीक्षण गरी उनले ‘भलेरियन, लेमन ग्रास, युकलिप्टस र क्याम्फर’ नामक चार वटा सामग्री उत्पादन गर्दै आए पनि उद्योगलाई आवश्यक कच्चापदार्थ आयातको समस्या छ । झन्झटिलो प्रक्रियाले उद्योगका लागि आवश्यक जडीबुटी ल्याउनै समस्या छ । विष्ट भन्छन, कच्चापदार्थका लागि एक वर्ष पहिले वन कार्यालयमा निवेदन दिनुपर्छ ।उद्योगले चाहेका बेला कच्चापदार्थ ल्याउनै समस्या हुन्छ । कर्णालीमा व्यावसायिक जडीबुटी खेती सुरु भए पनि किसानले निर्वाधरुपमा आफ्ना उत्पादन बिक्री गर्नसक्ने अवस्था नहुँदा त्यसको प्रत्यक्ष असर उद्योगलाई परेको छ । उनले भने , २५ केजी जडीबुटी ल्याउन त निकै गाह्रो छ । उद्योगमैत्री नीति छैन, सबै ठाउँमा कागजपत्र पेस गर्नुपर्छ, निकै झन्झट छ । कर्णालीमा जडीबुटी परीक्षण प्रयोगशालाकोसमेत अभाव छ । अन्तर्राष्ट्रिय बजारमा पुर्‍याउने उत्पादनका लागि प्रयोगशाला परीक्षण आवश्यक छ । त्यसका लागि कर्णालीमा रहेको उद्योगले काठमाडौँ नै धाउनुपर्ने हुन्छ। यसले उत्पादन लागतसमेत बढ्न जाने र उत्पादित सामग्रीले अन्तर ष्ट्रिय बजार मूल्यसँग प्रतिस्पर्धा गर्दा समस्या हुने उनी बताउछन । तेस्रो मुलुक निकासी गर्दा अपनाउनुपर्ने मापदण्ड पूरा गर्नै कठिन भएको उनको गुनासो छ । जडीबुटी सङ्कलनदेखि प्याकेजिङ र भण्डार गर्दासम्मको प्रक्रियामा धेरै कुरामा अन्तर्राष्ट्रियरुपमा तोकिएको मापदण्ड पूरा गर्नुपर्ने हुन्छ, उद्योग सञ्चालक विष्टले भने ।

### कोभिडपछि बढ्यो जडीबुटीको महत्व

कर्णालीका गाउँगाउँ बस्ती बस्तीका कतिपय क्षेत्र जडीबुटी उत्पादनको प्रचूर सम्भावना बोकेका छन् । ग्रामीण भेगका कैयौं खेतहरु बाँझा छन् । झाडी र बुट्यानले ढाकेका यहाँका भू-भागमा स्थानीय सरकारसँग समन्वय गरेर जडीबुटी खेती गर्नसके विश्वबजारमा मागअनुसार निर्यात बढाउन सकिने अवस्था रहेको जडीबुटी व्यवसायीहरु बताउछन । विश्व बजारमा नेपाली जडीबुटीको प्रचारप्रसारसँगै माग पनि बढेको छ । तर माग अनुसार निर्यात हुन सकेको छैन । अझै पनि माग बढ्न सक्ने सम्भवना छ । कोभिडपछि अझै जडीबुटीको महत्व बढेको छ । कतिले रोग प्रतिरोधात्मक क्षमता बढाउन पनि जडीबुटीको प्रयोग गर्न थालेपछि जडीबुटीको निर्यात बढाएको जडीबुटी व्यवसायीहरु बताउँछन् । पछिल्लो समय युरोप, चीन, भारतलगायतका मुलुकमा औषधिजन्य नेपाली जडीबुटीको माग बढेको छ । अन्तर्राष्ट्रिय बजारमा स्वदेशी जडीबुटीको माग बढिरहेकाले आगामी दिनमा जडीबुटी निर्यातबाट मुलुकले आर्थिक समृद्धिमा फड्को मार्नसक्ने उद्योग सञ्चालक विष्टको दाबी छ । यसका लागि नीतिगत सुधारको खाँचो रहेको उनको भनाइ छ । जडीबुटी व्यवसायीका कोभिड-१९ पछि अझै जडीबुटीको महत्व बढेपछि माग पनि ह्वात्तै बढेको छ । माग बढेसँगै जटामसीलगायतको बजार मूल्य बढ्दै गएको छ । कर्णालीस्थित हुम्ला जुम्लाको हिमाली भेगमा जटामसीको उत्पादन बढी हुने गर्छ । रिट्ठा टिमुर, तेजपातजस्ता जडीबुटी कच्चापदार्थका रुपमा भारतमा बढी जाने गरेको छ । पछिल्लो समय टिमुरको माग तेस्रो मुलुकमा पनि बढिरहेको तथ्याङ्कले देखाउँछ। जडीबुटीमा लगाइएको झन्झटलो प्रावधान हटाउन जरुरी छ, विष्टले थपे , सरकारले उत्पादन बढाउने नीति लिनसके निर्यात अझै बढ्न सक्छ ।जडीबुटी व्यवसायीले भने सरकारले नै जडीबुटी प्रवर्द्धनमा चासो नदेखाएकाले मागअनुसार विदेश निर्यात गर्न नसकिएको दाबी गरिरहेका छन् । विष्ट भन्छन, अब बढ्दो मागअनुसार आपूर्ति गर्न उत्पादन बढाउनुपर्छ । भूगोलअनुसार उत्पादन हुने जडीबुटी पहिचान गरेर स्थानीय निकायले यसलाई प्रोत्साहन गर्नुपर्छ । हरेक स्थानीय तहले आफ्ना क्षेत्रमा उत्पादन हुने वा हावापानीअनुसार कस्ता किसिमको जडीबुटी उपयुक्त हुन्छ त्यो अनुसार उत्पादन गर्न सक्नुपर्छ ।

### कर्णालीबाट कस्ता जडीबुटी निर्यात हुन्छन् ?

अनेकौं किसिमका जडीबुटी उत्पादन कर्णालीका पहाडी तथा हिमाली जिल्लाबाट धेरै मात्रामा जडीबुटी निर्यात भएको देखिन्छ । प्रदेश वन निर्देशनालयको तथ्याङ्कअनुसार यहाँबाट निर्यात हुने ७९ प्रकारका जडीबुटीमा अत्तीस, अमलवेद, अमला, अल्लो, अल्लो धागो, अल्लोको बोक्रा, कराचुल्ठे, काकरसिङ्गे लगायतका जडीबुटी निर्यात हुँदै आएका छन् । यसैगरी काउलो (दाना/बोक्रा), कालो काठको दाना, कालो मसुली, कुट्की, कुरिलो, कुरिलोको जरा, खिरौला, गिठी (बोक्रा), गुच्ची च्याउ, गुजर गानो, गुडमार, गुराँसको फूल, गुर्जो, गोकुलधुप, घोडताप्रे, घोडा मच्चा, चिउरी, चिराइतो, चुत्रो/चुत्रोको बोक्रा, जटामसी, टिमुर, ठटेला/ढटेलो, डालेचुक, ढडेलमेलगायतका जडीबुटी पनि निर्यात हुने गरेको छ । कर्णालीबाट तीगेडी, तीतेपाती, तेजपात, तेलाली काठ/फुरु (पीस), दालचिनी, धूपीपात (बोक्रा/गेडा), पदमचाल, पानी अमला, पावन बोक्रा, पाषण वेद, बज्रदन्ती, बाँस (घना), बायोजडी, बुकीफुल, बोझो/बोझोको जरा, भिर मह, भुतकेश, भृंगराज, भोजपत्र, मइन (लाहा), मजिठो, मह, यार्सागुम्बा, रातो च्याउ जस्ता जडीबुटीहरु विभिन्न देशमा निर्यात हुँदै आएको छ । यस्तै रिट्ठा, लोक्ता, वन आलु, वन प्याज, वन लसुन, विष, विषजरा, विषफेज, शिलाजीत, सजिवन, सतावरी, सतुवा, सात गाठे, साधारण च्याउ, सिल्टीमुर, सुगन्धवाल, सुनपाती, सिस्नु (पात/डाँठ/पाउडर/जरा), सेतकचिनी, सेतो मसुली, सोमलता, स्लेटपत्थर र हर्रोलगायतका जडीबुटी कर्णालीबाट निर्यात हुँदै आएको प्रदेश वन निर्देशनालयले जनाएको छ ।

### तालिम र अनुदानको आवश्यकता

अझै पनि पुरातन कृषि प्रणालीमै धेरै कृषकहरु आश्रित छन् । बिहान खायो बेलुकी के खाउँ भन्ने अवस्था छ । राम्रो कृषि उत्पादन नहुने क्षेत्रमा जडीबुटी खेती विस्तार गर्ने नीति लिनु आवश्यक रहेको जडीबुटी व्यवसायीहरु बताउँछन्। कतिपय कृषकहरुले चाहेर पनि जडीबुटी खेती गर्न सकिरहेका छैनन् । जडीबुटी उद्योगी विष्टका अनुसार धेरै कृषकलाई जडीबुटीको बारेमा थाहा छैन। उनी भन्छन , कसरी जडीबुटी खेती गर्ने ? कुन समयमा उत्पादन हुन्छ ? भन्ने विषयमा कृषकलाई थाहा नै छैन। भूगोल अनुसार उत्पादन हुने जडीबुटीको खेती गर्नका लागि सरकारले कृषकलाई आवश्यक तालिम दिएर दक्ष बनाउनुपर्छ । यसले जडीबुटी खेतीलाई आधुनिकीकरण गर्न सकिन्छ । विश्वबजारमा जडीबुटीको माग बढिरहेका बेला नेपाली कृषकले यसको उत्पादन बढाउनसके मुलुक जडीबुटीमा आत्मनिर्भर बन्न सक्नेछ । जडीबुटीको निर्यात अझै बढाउन उत्पादनमा जोड दिनुपर्ने उनको तर्क छ ।रासस

# अदुवाभन्दा पिँडालु महँगो

दिपायल, ४ पुस


दिपायलका किसानले निकै मिहिनेत गरेर उत्पादन गरेको अदुवाले भन्दा पिँडालुले बजार पाउन थालेको छ ।

कमै मात्रामा उत्पादन हुने र कम भाउमा बिक्री हुने पिँडालु यतिबेला डोटीको स्थानीय बजार खड्यौली, बर्छैन , वीपी नगर र कैलालीको धनगढी र अत्तरियालगायतका बजारमा बिक्री भइरहेको छ । डोटीको बडीकेदार , जोरायल र बोगटान फुड्सिल गाउँपालिकामा धेरै मात्रामा अदुवा उत्पादन भए पनि पछिलो समय मूल्य नपाएपछि किसान पिँडालु खेती गर्न थालेका छन् ।

बडीकेदारका किसान व्यवसायरुपमा नै अदुवा खेती छोडेर पिँडालु खेती गर्दै आएका छन् । पहिले त अदुवाको मूल्य धेरै थियो तर पछिल्लो दुई वर्षयता बजारमा मूल्य पाउन छाडेपछि पिँडालु खेती गरिरहेको बडीकेदार-२ का नरबहादुर शाहीले बताए । उनले भने , अदुवाभन्दा कम मिहिनेत लाग्ने पछिलो समय अदुवाभन्दा बढी मूल्य भएका कारण पिँडालु खेती सुरु गरेको हौं । उनले पिँडालु बिक्रीबाट वार्षिकरुपमा रु ३० देखि ४० हजारसम्म आम्दानी हुने गरेको पनि बताए । आफुले पिँडालु खेती गरेपछि यस क्षेत्रका अधिकांश किसानले पिँडालु खेती गरिरहेका उनको भनाइ छ । कुनै समय प्रतिकेजीको रु ९० मा बेचिने अदुवा यतिबेला प्रतिकेजी रु २० का दारले बिक्री गर्न बाध्य हुनुपरेको किसानको गुनासो छ । पिँडालु खेतीमा सम्लग्न बडीकेदार -५ का तेज कोटकेनीले भने , अदुवाभन्दा त पिँडालुको मूल्य बढी छ, किसानले प्रतिकेजी पिँडालु रु ३० का दरले बिक्री गरिरहेका छन् ।

पहिले कसैले पनि खरिद नगर्ने पिँडालु महँगोमा बिक्री हुन्छ, तर सधैंभरी किसानले मिहिनेतका साथ उत्पादन गरेको अदुवा सस्तो छ । स्थानीयस्तरमा बजारीकरण नभएका कारण किसान सस्तोमा कृषि उपज बेच्न बाध्य भएको उनको भनाइ छ । दुई रोपनीबाट सुरु गरेको पिँडालु खेतीबाट राम्रौ आम्दानी भएको बडीकेदार-४ का घनबहादुर ताडीले बताए । साठीदेखि ७० रोपनीमा लगाउन गरेको अदुवा खेती विचौलिया व्यापारीका कारण मिहिनेत गरे जति मूल्य नपाएको र भारत तथा जिल्ला बाहिरका व्यापारी नआउँदा न्यून मूल्य भएपछि अदुवा खेती छोडेर पिँडालु खेती गरेको उनको भनाइ छ ।

यस वर्ष रु १५ हजार बराबरको पिँडालु बिक्रीबाट आम्दानी भएको किसान ताडीले बताए । यस क्षेत्रमा बढी मात्रमा उत्पादन हुने अदुवाको मूल्यसँगै बजारमा नबिक्ने भएका कारण अदुवा खेती छोडेर कोही फलफूल खेती त कोही पिँडालु खेति गरिरहेको उनले बताए । किसानको जीविकोपार्जन गर्दै आएको अदुवा खेती पछिल्लो समय बजार र कम मूल्य भएका कारण अधिकांश किसान पिँडालु खेती गरिरहेको बडीकेदार गाउँपालिका कृषि शाखा प्रमुख सुरेन्द्र शाहीले बताए। यस क्षेत्रमा पिँडालु राम्रो उत्पादन हुने भएकाले स्थानीय सरकारबाट पिँडालु पकेट क्षेत्र बनाई कार्यान्वयन गर्ने, सबै किसानलाई सहुलियतमा अनुदान दिने , बजारीकारण र चिस्यान केन्द्रका लागि पहल गरिने उनले जानकारी दिए । रासस



महोत्तरी जिल्लाको सदरमुकाम जलेश्वरमा चिसोबाट बच्न बोरा ओढाइएका गोरुको सहयोगमा बयलगाडामा पराल बोकेर लैजाँदै किसान ।
तस्विर : सञ्जीतकुमार मण्डल, रासस

# टाटा मोटर्सको जनकपुरमा टेस्ट ड्राइभ

मधेशदृष्टि
जनकपुरधाम, पुस ४ ।
टाटा मोटर्सका विद्युतीय गाडीहरूको जनकपुरधाममा टेस्ट ड्राइभ गरिएको छ ।
सोमबार जनकपुरधामस्थित डिलर गिरिजा अटोमोबाइल्सको सहयोगमा टाटा मोटर्सको एक मात्र अधिकृत बिक्रेता सिप्रदी ट्रेडिङ प्राइभेट लिमिटेडले टेस्ट ड्राइभ कार्यक्रम गरेको हो ।
टाटाबाट उत्पादित विद्युतीय गाडीहरूको टेस्ट ड्राइभ गर्नुका साथै यसका विशेषताहरूबारे सर्वसाधारण तथा ग्राहकहरूलाई अधिकृत विक्रेताले जानकारी दिएको थियो । कार्यक्रममा सहभागी जनकपुरधामका उपमेयर किशोरी साहले विद्युतीय गाडीको प्रयोग बढाउनुपर्ने बताएका थिए । प्रदूषण न्यूनीकरणका लागि पनि विद्युतीय गाडी उपयुक्त रहने कुरामा उनले जोड दिएका थिए । प्रदर्शनीमा टाटाका विद्युतीय गाडीहरू टिगोर र नेक्सनबारे जानकारी दिइएको हो । त्यसक्रममा सिप्रदी कम्पनीका सिनियर प्रोडक्ट म्यानेजेर निर्मल खटारीले इन्धनबाट चल्ने गाडीहरूभन्दा ब्याट्रीबाट चल्ने विद्युतीय गाडीहरू धेरै किफायती हुने बताए ।
त्यस्तै, जनकपुरधामस्थित गिरिजा अटोमोबाइल्सका सञ्चालक गुड्डु जैनले पनि विद्युतीय गाडी हरेक हिसाबले उत्तम हुने बताएका थिए । विद्युतीय गाडीहरूप्रति विश्वस्त बनाउने उद्देश्यले यस किसिमको कार्यक्रमको गरिएको कम्पनीले जनाएको छ ।

## एउटै नदीमा धेरै हाईड्रो.......

अनुमान गरिएको छ । जलावायु परिवर्तन संगै , हिमताल विस्फोटन तथा पहिरो सिर्जित तालबाट हुने बाढीको संख्यामा समेत वृद्धि हुने आकलन गरिएको छ।
एउटा नदीको पानी जल विद्युत उत्पादनलाई मात्र प्रयोग हुन्छ भन्ने हुँदैन। एउटै नदीमा धेरै विद्युत उत्पादन गृह बन्दा त्यस्ले जलस्रोतको विनियोजन लाई सर्वाधिक असर गर्छ। सिञ्चाईका कुलोहरू प्रभावित हुनु , पारिस्थीकिय प्रणाली उथलपुथल हुनु , खानेपानीको स्रोत प्रभावित हुनु, धार्मिक तथा सास्कृतिक चालचलनहरूमा प्रभाव पर्नु आदी एउटा विद्युत गृह निर्माणसँग सिर्जना हुने चुनौतीहरू हुन ।
मर्स्याङ्दी जलाधार क्षेत्रमा नै पर्ने चेपे खोलामा निर्माण भैईरहेको चम्पावती हाईड्रो र राईनासटार सिंचाईं प्रणालीबाट सिंचाईं गरिरहेका किसानहरू बीचको विवादले उग्ररुप लिएको खबर बाहिर आइरहेको छ। यो घटनाले जलस्रोतको बाँडफाड अर्को ठूलो समस्याको रुपमा आउने संकेत गरिरहेको छ ।
श्रोतः आइएनएस-स्वतन्त्र समाचार

## वित्तीय संघीयतासापेक्ष ............................

विकेन्द्रीकरणलगायतको शासकीय सुधार, र ६. पूर्वाधार विकासमा निजी क्षेत्रको संलग्नता प्रवर्द्धन ।
यसका लागि 'गरिबी निवारण आर्थिक वृद्धि सहजीकरण' का नाममा विश्व बैंक र मुद्रा कोषले झन्डै सात करोड डलर बराबरको ऋण प्रदान गरेका थिए । यस अतिरिक्त, कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष र बिमा कम्पनीहरूले गर्ने बैंकिङ प्रकृतिको कारोबारलाई मौद्रिक नीतिको अनुगमनमा ल्याउन, पुँजी बजारको विकास र विस्तार गर्ने, आर्थिक प्रगाढता बढाउने र भन्सार प्रणालीलाई
आधुनिकीकरणका कार्ययोजना पनि सुधारका योजनामा थिए । यो अवधिमा भएका सुधारलाई सबभन्दा व्यापक, प्रगाढ र प्रभावकारी मानिएको छ । राबाबैंक र नेबैंलि निजीकरणमा नगए पनि तिनीहरूको आर्थिक स्वास्थ्य सबल बनाइएको छ । राष्ट्र बैंक ऐन र बैक तथा वित्तीय संस्थासम्बन्धी छाता ऐन लागू भएका छन् । ऋण सूचना प्रणाली प्रभावकारी भएको छ । बैंकिङ प्रणालीको निस्क्रिय कर्जा उल्लेख्य मात्रामा घटेको छ । तथापि यसका केही कार्ययोजना अझै अपूरा छन् भने केही कार्यक्रम विवादमा पनि परे ।
यसैबीच सन् २००४ मा नेपाल विश्व व्यापार संगठन (डब्लुटिओ) को सदस्य बन्यो । सन् २००६ को शान्ति सम्झौतापछि मुलुकमा द्रुतगतिका राजनीतिक परिवर्तन भए । सन् २०१० को सुरुआतदेखि थोक बैंकिङ लगायतका ७० प्रकारका सेवाका लागि विदेशी सेवा प्रदायकलाई नेपालले आफ्नो बजार खुला गरिदिएको छ ।
ग) तेस्रो चरण (सन् २०१० पछि)
अहिले जारी रहेको वित्तीय क्षेत्र विकास रणनीतिलाई तेस्रो चरणको आर्थिक सुधारको कार्यक्रम भनिएको छ । वित्तीय क्षेत्र विकास रणनीतिका लागि विश्व बैंकले दुई चरणमा आर्थिक सहायता दिएकाले कसैले यसलाई चौथो पुस्ताको सुधार पनि भनेका छन् यसका चार वटा अवयव छन् ।
१. वित्तीयखक्षेत्रको विकासलाई अभिवृद्धि गर्ने (यहाँ 'सुधार'शब्दावलीको सट्टा 'विकास' भनिएको छ । २. वित्तीय प्रणालीको पुनर्संरचना र सुदृढीकरण,३. विपद् व्यवस्थापन, बैंकिङ एवं बिमाकोसुपरीवेक्षणका लागि कानूनी र नियामक संरचनालाई सबल बनाउने र ४. बैंकिङ प्रणालीको सुशासन र पारदर्शिता अभिवृद्धि गर्ने । यसका लागि विश्व बैंकले १० करोड डलर बराबरको आर्थिक सहायता दिएको छ । राष्ट्र बैंकले कार्यान्वयन गरिरहेको छ ।
वित्तीय संघीयता र आर्थिक सुधार सन् २०१५ को सेप्टेम्बरमा नेपालले संघीय संविधान लागू गरेको हो । त्यसको दुई वर्षमा यो संविधानअन्तर्गत संघीय, प्रदेश र स्थानीय तीन वटै तहको चुनाव सम्पन्न भयो । यसपछि नै वित्तीय संघीयता पनि कार्यान्वयनमा गएको हो । वित्तीय संघीयता सञ्चालनका हकमा तीनै तहका सरकार र राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग संस्थागत संरचना हुन् भने संविधानका अतिरिक्त सोही आयोगको ऐन, अन्तरसरकारी वित्तीय हस्तान्तरण ऐन र स्थानीय शासन सञ्चालन ऐन मूल कानुनी आधार हुन् ।
बाँडफाँटका प्रस्टतः सात वटा सैद्धान्तिक अवयव छन्: १.राजस्व, २. अनुदान, ३. खर्च, ४. ऋण, ५. रोयल्टी, ६. आर्थिक प्रभावकारिता, र ७. आर्थिक सुशासन । यतिखेर नेपालको संघीयताका उपराष्ट्रिय सरकारहरू (सब-न्यासनल गभर्मेन्टस्) अनुदान र खर्च संघीयताको अभ्यासमा मात्र केन्द्रित छन् । उपराष्ट्रिय इकाइहरूको सीमांकन गर्दा तिनको आर्थिक सम्भाव्यताको पाटोलाई पटक्कै वास्ता नगरिएकाले प्रदेशहरूसमेत आफ्नै स्रोतको राजस्व अत्यन्तै कम परिचालन गर्न सक्ने अवस्थामा छन् । गण्डकी, कर्णाली र सुदूरपश्चिम प्रदेश प्रत्येकले राष्ट्रिय राजस्वको एक प्रतिशतको हाराहारी मात्रै संकलन गर्छन् । प्रदेश १ र लुम्बिनी प्रदेश प्रत्येकले ९ प्रतिशत हाराहारी, प्रदेश २ ले भन्सार महसुलसमेत गरी २९ प्रतिशत र बागमती प्रदेशले करिब ५३ प्रतिशत राजस्व संकलन गर्छन् । खर्च त ६० प्रतिशतभन्दा बढी बागमती प्रदेशले नै गर्छ ।त्यस्तै, उपराष्ट्रिय सरकारहरूले ऋण लिने, प्राकृतिक स्रोतको रोयल्टीको लाभ पाउनेलगायतका व्यवस्था न्यायोचित छैनन् । त्यस्तै, उपराष्ट्रिय सरकारहरूको योजना छनोट र उपलब्ध आर्थिक स्रोतलाई उत्तम प्रतिफल दिने गरी विनियोजन र खर्च गर्ने क्षमता असाध्यै कमजोर देखिएको छ । महालेखा परीक्षक र अख्तियार दुरुपयोग अनुसन्धान आयोगलगायतका प्रतिवेदनमा स्थानीय तहमा ठूलो रकम भ्रष्टाचार भएको औंल्याएका छन् । खासगरी सार्वजनिक खरिद र ठेक्का पद्धतिमा निर्णायक पदाधिकारीको स्वार्थप्रेरित निर्णय हुने गरेका तथ्य बाहिर आएका छन् ।
नेपालको सार्वजनिक खर्च प्रणालीमा विगतदेखि चाङ लागेर बसेका न्यून खर्च क्षमता, आयोजनाको ठेक्कादेखि कार्यान्वयनसम्ममा हुने ढिलासुस्ती र भ्रष्टाचार लगायतका कमजोरी माथि वित्तीय संघीयताको कार्यान्वयनले थप चुनौती थपेको छ । वास्तवमा यी चुनौती नै अबको आर्थिक सुधारका एजेन्डा पनि हुन् । र, अहिलेसम्मका आर्थिक सुधारका कार्यक्रमले अबको सुधार एजेन्डालाई वित्तीय संघीयताको अर्जुनदृष्टिले हेर्नु आवश्यक छ । तर, त्यसो हुन सकिरहेको छैन । अक्सर आरोप लाग्ने गरेझैं नेपालको आर्थिक सुधारका कार्यक्रम दाताद्वारा परिचालित, दाताद्वारा लगानी भएका र उनीहरूले नै प्राथमिकतामा बनाइएको छ । समस्या पहिचान गर्ने हाम्रो राष्ट्रिय क्षमता पनि यसको कारक हो । यसरी हेर्दा वित्तीय संघीयतामा देखिएका समस्या र चुनौतीमाथि दाताहरूको दृष्टि अझै पुगेको छैन भनेर मान्नुपर्ने हुन्छ । यो एक प्रकारले ठीकै पनि किन हो भने नेपाल आफैंले अबको आर्थिक सुधारको मार्गचित्र निर्माण र कार्यान्वयन गर्ने अवसर पाएको छ । यसलाई सदुपयोग गरेर ' होम ग्रोन' आर्थिक सुधारको कार्यक्रम बनाउन सकिन्छ, जुन प्रस्टतः संघीयतासापेक्ष होस् ।
चौथो चरणको सुधार अन्त्यमा, वित्तीय संघीयतामा आर्थिक सुधारको मार्गचित्र पनि प्राविधिक रूपमा यसअघिका संस्थागत, कानुनी र सञ्चालनगत अवयवभन्दा फरक छैनन् । तर, लक्ष्य र पक्षहरू भने फरक छन् । संस्थागत सुधारमा यसअघि राष्ट्र बैंकलाई केन्द्रित गरिएजस्तो अब वित्त आयोगको अनुदान आदिको सूत्र निर्माण र आर्थिक विश्लेषणको क्षमता विकासमा लगानी गर्नु आवश्यक छ । स्थानीय र प्रदेश सरकार हरूको बजेट निर्माण, योजना छनोट र आर्थिक सुशासनसम्बद्ध सीपबारे निर्वाचित र सरकारी पदाधिकारीको क्षमता विस्तार अपरिहार्य भएको छ । उपराष्ट्रिय सरकारहरूले ऋण परिचालन गर्न नपाउनेजस्ता ?ढीग्रस्त कानुनको परिमार्जनमा ध्यान दिनु आवश्यक छ । स्थानीय सरकार सुहाउँदा आर्थिक पारदर्शिताका नियम र अभ्यास विकसित गर्नुपर्नेछ । मौद्रिक अधिकारीको उपराष्ट्रिय सरकारहरूमा उपस्थिति र नियमन र आर्थिक अपराध नियन्त्रण आदिमा समन्वयका कानुनी र संस्थागत खाकाहरू प्रस्ट हुनु जरुरी छ ।
अबको चौथो चरणको आर्थिक सुधारको केन्द्रबिन्दु वित्तीय संघीयताको निर्विघ्न परिचालन हुनु स्वाभाविक अपेक्षा र आवश्यकता हो ।
(वाग्ले, काठमाडौं विश्वविद्यालयका प्राध्यापक हुन्, यो लेख, आर्थिक पत्रकार समाज, सेजनको प्रकाशन 'अर्थनीति' सेजन स्मारिक २०७८ बाट साभार लिइएको हो ।)

# बजार नहुँदा बिक्री भएनन् नर्सरीका विरुवा




गोलबजार, ४ पुस
सिरहाको लहान नगरपालिका-१९ कटहाका सत्यनारायण महतो विगत १७ वर्षदेखि नर्सरी फार्ममा विरुवा उत्पादन गरिरहेका छन । एक विघा क्षेत्रफलमा नर्सरी सञ्चालन गर्दै आउनुभएका उहाँ अब यसलाई बढाएर १५ कट्ठा पुऱ्याउने योजनामा छन । तर नर्सरीमा भएका विरुवा समयमै बिक्री नहुँदा भने उहाँ चिन्तामा छन । बिना कुनै तालिम लामो समयदेखि नर्सरीमै व्यस्त रहेको उनको परिवारले यतिबेला नयाँ प्रविधि भित्र्याएर उन्नतजातका विरुवा उत्पादन गरिरहेको छ तर बजारमा विरुवाको माग बढ्न नसक्दा आम्दानी संकुचित हुँदै गएको उनको भनाइ छ ।आम्दानी नराम्रो होइन, अहिले पनि वार्षिक २० लाखको कारोबार गर्छौं, उनले भने , यद्यपि समयमै विरुवा बिक्री हुन सक्यो भने थप पाँच लाखको कारोबार गर्न सक्ने ठाउँ छ । नर्सरीमा उत्पादन भएका विरुवा समयमै बिक्री नहुँदा नर्सरीमै विरुवा सुक्ने गरेको सत्यनारायणका छोरा नरेशको भनाइ छ । नर्सरीमा तयार भएका विरुवा बजार अभावका कारण समयमै बिक्री हुननसक्दा विरुवा बिक्री हुन सकेका छैनन, उनले भने , विरुवाले समयमै बजार नपाउँदा लगानी घाटामा जाने गरेको छ । महतोले नर्सरी बिस्तारका लागि सरकारसँग अनुदानका लागि आग्रह गरे पनि हालसम्म कुनै सरकारी अनुदान प्राप्त नभएको गुनासो गरे । अहिलेसम्म पाँच पटकसम्म अनुदानका लागि आग्रह गरिसकेको छु, उनले भने , प्रत्येक पटक खाली हात लाग्छ, अहिले त अनुदान नमाग्ने निर्णयमा पुगेको छु । महतोको नर्सरीमा विभिन्न २२ प्रजातिका ८० हजारभन्दा बढी आँपको विरुवा छन् । जसमा मुख्य प्रजातिमा मालदह, बम्बै, कलकत्तिया, दसहरी, अमरपालिलगायत आँपका विरुवा छन् । साथै लिचीमा साही, मझफपुर, सरलेश, चानीजका विरुवा छन् । महतोका अनुसार नर्सरीमा कटहर, जामुन, अनार, धुपी, नरिवल, अम्बा, बैर, तेजपात, निम्बु, बेल, अमला, निम, सुपारी, अशोक, सफेद, महगनी, टिक, गमहार, बाँस, रक्तचन्दन, सल्ला, पपिता, केला, मरिच, अङ्गुर तथा घर, अफिस, बगैंचाका लागि उपयुक्त फुल पनि उत्पादन हुँदै आएका छन् ।रासस

# कांग्रेस संसदीय दलको निर्वाचन पुस ६ गते

काठमाडौँ, ४ पुस
नेपाली कांग्रेस संसदीय दलको नेताको निर्वाचन यही पुस ६ गते हुने भएको छ । कांग्रेस संसदीय दल निर्वाचन समितिले संसदीय दलको नेताको निर्वाचन यही पुस ६ गते हुनेगरी सोमवार कार्यतालिका सार्वजनिक गरेको हो ।
निर्वाचन प्रयोजनार्थ गठित निर्वाचन समितिमा पार्टीका नेता भीष्मराज आङ्दम्बे संयोजक, पुष्पा भुसाल र प्रकाश रसाइली स्नेही सदस्य हुनुहुन्छ । तालिका अनुसार मतदाता नामावली प्रकाशन पुस ४ गते दिउँसो २ बजे, उम्मेदवारका लागि दर्खास्त पुस ५ गते दिउँसो २ बजेदेखि ३ बजेसम्म र उम्मेदवारको अन्तिम नामावली प्रकाशन पुस ५ गते अपराह्न ५:४५ बजेसम्म हुनेछ । समितिले उम्मेदवारको दर्खास्त साथ दाखिल हुनुपर्ने शुल्क रु ५१ हजार तोकेको छ । मतदान पुस ६ गते बिहान ८ देखि १० बजेसम्म हुनेछ । मतदान गर्न आउँदा मतदाताले आफू निर्वाचित भएको प्रमाणपत्र साथमा लिई आउनुपर्ने समितिले जनाएको छ । कांग्रेस संसदीय दलको कार्यालय परिसर, सिंहदरबारमा मतदान हुने र लगत्तै मतगणना गरी परिणाम घोषणा गरिनेछ ।रासस




# प्रतिनिधिसभा सदस्यको शपथ बिहीबार हुने



काठमाडौँ, ४ पुस
प्रतिनिधिसभामा नयाँ निर्वाचित सदस्यको शपथ यही पुस ७ गते बिहीबार हुने भएको छ । सङ्घीय संसद् सचिवालयका महासचिव डा भरतराज गौतमका अनुसार सङ्घीय संसद् भवन नयाँ बानेश्वरमा यही पुस ७ गते बिहीबार दिनको १ बजे प्रतिनिधिसभा सदस्यको शपथ ग्रहण हुनेछ ।
नेपालको संविधानको धारा ८८ बमोजिम सङ्घीय संसद्को प्रत्येक सदनका सदस्यले सदन वा त्यसको कुनै समितिको बैठकमा पहिलो पटक भाग लिनुअघि सङ्घीय कानुनबमोजिम शपथ लिनुपर्ने भन्ने व्यवस्था छ । सभामुख चयन हुनुअघि ज्येष्ठ सदस्यले प्रतिनिधिसभा सदस्यलाई शपथ खुवाउने व्यवस्था छ । ज्येष्ठ सदस्यलाई राष्ट्रपतिले शपथ ग्रहण गराएपछि अन्य सदस्यलाई शपथ गराउनेछन् । शपथ ग्रहणका लागि निर्वाचन आयोगबाट प्राप्त प्रतिनिधिसभा सदस्य पदको प्रमाणपत्र, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी एवं हालसालै खिचेको पासपोर्टसाइजको फोटो दुईप्रतिसहित उपस्थित हुन सङ्घीय संसद् सचिवालयले आग्रह गरेको छ ।
राष्ट्रिय पोशाक वा आआफ्नो सांस्कृतिक पहिचान झल्कने पोशाकमा उपस्थित भईदिनसमेत सचिवालयले आग्रह गरेको छ । प्रतिनिधिसभाका कुनै सदस्यले आफ्नो मातृभाषामा शपथ लिन चाहेमा त्यस्तो सदस्यले शपथको व्योहोरा आफ्नो मातृभाषामा अनुवाद गरी सो अनुवादको प्रतिसहित सङ्घीय संसद् सचिवालयमा उपलब्ध गराउन आग्रह गरिएको छ ।रासस

# जाडो बढेसँगै इन्फ्लुएन्जाको जोखिम



काठमाडौँ, ४ पुस
जाडोयामसँगै इन्फ्लुएन्जा (फ्लु)सङ्क्रमण जोखिम बढेको छ । जाडोमा सक्रिय हुने इन्फलुएन्जा भाइरस बच्चादेखि युवा र वृद्धवृद्धामा इन्फ्लुएन्जाको सङ्क्रमण हुँने गर्दछ । दीर्घरोगी, गर्भवती, ज्येष्ठ नागरिक तथा रोग प्रतिरोधात्मक क्षमता कम भएकालाई इन्फ्लुएन्जाको सङ्क्रमण बढी हुने गर्दछ । शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालका इन्फ्लुएन्जाका फोकलपर्सन डा मिलन ब्रजाचार्यले रोगप्रतिरोधात्मक क्षमता कम भएकालाई सङ्क्रमणको जोखिम बढी हुने गरेको बताउछन । दिर्घरोगी बिरामीलाई इन्फ्लुएन्जाले फोक्सोमा असर गरेर निमोनिया जस्ता समस्या आउन सक्छन, उनले भने ,यस्ता बिरामीलाई सघन उपचार कक्ष (आइसियु)मा राखेर उपचार गर्नुपर्दछ ।नेपालमा इन्फ्लुएन्जा 'ए' पुष्टि भइसकेको छ । कात्तिकदेखि फागुनसम्म इन्फ्लुएन्जा भाइरसको सङ्क्रमण हुने भएकोले सतर्कता अपनाउनुपर्ने उनी बताउछन । डा बज्राचार्यले हप्तामा सात-आठ स्वाब सङ्कलन गरेर नमुना राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा पठाउने गरेको बताए । इन्फ्लुएन्जा सङ्क्रमणका बिरामीमा ज्वरो आउनु, खोकी लाग्नु र घाँटी दुख्नु, टाउको दुख्नु, नाक बन्द हुनु वा सिगान बग्नु, जिउ र मांसपेशी दुख्नु, थकान महसुस जस्ता लक्षण देखा पर्दछन् । इन्फ्लुएन्जा भएका सबैलाई ज्वरो नआउन पनि सक्छ । यसबाट बच्न बिरामी भएकमा व्यक्तिसँग भौतिक दूरी राख्ने, खोक्दा वा हाच्छिउ गर्दा आफ्नो मुख र नाक छोप्ने, सम्भव भएसम्म बिरामी हुँदा घरमै बस्ने, शारीरिक रुप्मा सक्रिय हुने र प्रशस्त्र तरल पदार्थ र पौष्टिक खाना खाने, बेलाबेलामा साबुनपानीले हात हुने र आफ्नो आँखा, नाक वा मुख नछुने गर्नुपर्दछ । रासस




यस हवाई दृश्यमा अर्जेन्टिनाका प्रशंसकहरू डिसेम्बर १८, २०२२ मा ब्युनस आयर्सको ओबेलिस्कमा फ्रान्स विरुद्ध कतार २०२२ विश्वकप जितेको खुसी मनाउँदै। (इमिलियानो लासाल्भिया / एएफपी द्वारा फोटो)

# थाइल्याण्डमा पानीजहाज डुब्दा ३१ नौसैनिक बेपत्ता

बैङ्कक, ४ पुस

थाइल्याण्डको दक्षिणपूर्वी तटमा सोमबार डुङ्गा डुब्दा कम्तीमा ३१ जना नाविक बेपत्ता भएको नौसैनिकका प्रवक्ताले बताएका छन । एचटीएमएस सुखोथाईले थाइल्याण्डको खाडीमा गस्ती गरिरहेको बेला दक्षिणी प्राचुआप खिरी खानको बाङ सफान किनारबाट करिब २० नटिकल माइल टाढा जहाजको इलेक्ट्रोनिक प्रणालीमा क्षति पुगेपछि उद्धार अभियान सुरु गरिएको थियो । नौसेनाले सार्वजनिक गरेका तस्वीरहरूमा जहाजले कडा छाल पार गर्ने क्रममा नाटकीय रूपमा एक छेउबाट डुब्न ढल्किरहेको देखाइएको छ । नौसेनाका प्रवक्ता एडमिरल पोग्क्रोङ मोन्ट्राडपालिनले वेपत्ता सैनिकको खोजि भइरहेको बताए । उनले भने



, हामी अझै पनि हराइरहेका ३१ जनाको खोजी गरिरहेका छौं । जहाजको 'अपरेटिङ सिस्टम'ले काम गर्न छोडेपछि जहाजले नियन्त्रण गुमाएको थियो, उनले सोमबार बिहान बताए । जहाजमा रहेका १०६ जनामध्ये ७५ जनालाई दुई वटा हेलिकप्टर, दुई वटा फ्रिगेट र एउटा पानी जहाजको सहयोगमा उद्धार गरिएको छ । बिहान ७ बजेदेखि सुरु भएको खोजी तथा उद्धार कार्य जारी रहेको विज्ञप्तिमा जनाइएको छ । करिब ११ जना नौसैनिकको बाङ सफान अस्पतालमा उपचार भइरहेको छ भने अन्य ४० जनालाई सुरक्षित आश्रयस्थलमा राखिएको छ । (रासस/एएफपी)

# विश्वकप फुटबलमा अहिलेसम्मकै सर्वाधिक गोल रेकर्ड

## एम्बाप्पेलाई गोल्डेन बुट, मेस्सीलाई गाल्डेन बल

दोहा, ४ पुस

कतारमा सम्पन्न विश्वकप फुटबलमा अहिलेसम्मकै सर्वाधिक गोलको रेकर्ड कायम भएको छ । यो बर्ष कतारमा सम्पन्न विश्वकपमा १७२ गोलको कीर्तिमान् बनेको छ । आइतबार राति भएको अर्जेन्टिना र फ्रान्सबीच भएको विश्वकप फाइनलमा दुबै टीमले बराबर तीन गोल गर्दै कूल छ गोल गरी खेललाई सनसनीपूर्ण र रोमाञ्चक बनाएका थिए । फाइनल खेलको अतिरिक्त ३० मिनेटमा पनि गोल अन्तर बराबर बनेपछि भएको 'पेनाल्टी सुट आउट'मा साविक विजेता फ्रान्सलाई ४-२ गोल अन्तरले पराजित गर्दै अर्जेन्टिना उपाधि चुम्न सफल भएको हो । कतार विश्वकप अहिलेसम्मकै सर्वाधिक गोल गर्ने प्रतियोगिता भएको छ ।सन् २०२२ को विश्वकपमा १७२ गोल भएको छ । सन् १९९८ र २०१४ को खेलहरूमा भएका समान १७१ गोलभन्दा यो एक गोल मात्र बढी हो ।स्पेनले कोस्टारिकालाई ७-० ले हराएको र इंग्ल्यान्डले इरानमाथि ६-२ को जित हात



पार्दा पनि समूह चरणमा ६ गोलरहित बराबरी खेल भएका थिए । सन् २०२६ को संस्करणमा लगभग निश्चित रूपमा गोलको नयाँ रेकर्ड हुनेछ किनकि विश्वकप ४८ टोलीमा विस्तार हुनेछ। यसको अर्थ न्यूनतम ८० खेलहरूको साथ हुने प्रतियोगिताले धेरै गोल पाउने नै छ । फिफाले १२ टोलीको चार समूह वा १६ टोलीको तीन समूहमा खेलाउने निर्णय गर्नेछ । कतार विश्वकपमा सर्बाधिक गोलकर्ताका रुपमा फ्रान्सका केलियन एम्बाप्पेले सुनौलो जुत्ता (गोल्डेन बुट) पाउनु भएको छ । उपाधि विजेता अर्जेन्टिनी टिमका सुपरस्टार लियोनल मेस्सी विश्वकै सर्वोत्कृष्ट खेलाडीका रुपमा गोल्डेन बल पाएका छन । दोहास्थित लुसेल रंगशालामा सम्पन्न निकै नै रोमान्चक र नाटकीय खेलमा फ्रान्सलाई पेनाल्टी शुटआउटमा पराजित गरी लियोनल मेस्सी प्रेरित अर्जेन्टिनाले ३६ वर्षपछि विश्वकप उपाधि उचालेको हो। विश्वकपका सात खेलमा आठ गोल गरेका पेरिस सेन्ट जर्मेइन (पीएसजी)का २३ वर्षे सुपरस्टार एम्बाप्पेले पहिलोपल्ट गोल्डेन बुट जित्न सफल हुनुभएको छ । मेस्सी विश्वकप कै उत्कृष्ट खेलाडी बनेको यो दोस्रोपल्ट हो । अर्जेन्टिनाले फाइनलमा हारेको सन् २०१४ को विश्वकपमा पनि मेस्सी सर्वोत्कृष्ट खेलाडी बनेका थिए । अर्जेन्टिनाका गोलकिपर इमिलियानो मार्टिनेज कतारमा सम्पन्न फिफा विश्वकप २०२२ को उत्कृष्ट गोलकिपर चुनिएका छन । फाइनलमा फ्रान्सलाई पेनाल्टी सुटआउटमा ४-२ ले पराजित गर्दा एक पेनाल्टी बचाएका मार्टिनेजले विश्वकपको 'गोल्डेन ग्लोभ्स' पाएका हुन । अर्जेन्टिनाका मिडफिल्डर इन्जो फर्नान्डेजले कतारमा सम्पन्न फिफा विश्वकपमा उत्कृष्ट युवा खेलाडीको अवार्ड जित्न सफल भएका छन । २१ वर्षे फर्नान्डेजले अर्जेन्टिनालाई विश्वकपको उपाधि जिताउन महत्त्वपूर्ण भूमिका खेलेका थिए । यसपल्ट विश्वकपमा मेस्सीले फाइनलमा दुईसहित कूल ७ गोल गर्नुभयो भने तीन गोलका लागि सहयोग गरेका थिए । खेलमा मेस्सीको जादुले अर्जेन्टिनासँग खेलेका सबै टोलीलाई तर्साएको थियो । (रासस/सिन्ह्वा)

# आप्रवासीलाई सम्मान गर्न संयुक्त राष्ट्रसंघीय महासचिवको आग्रह



संयुक्त राष्ट्रसङ्घ ४ पुस

संयुक्त राष्ट्रसङ्घीय महासचिव एन्टोनियो गुटरेसले आप्रवासीहरुको संरक्षण र सम्मानका लागि आग्रह गर्नुभएको छ ।उहाँले विश्वमा आप्रवासीहरुको संरक्षण र सम्मानका लागि कुनै कार्यक्रमहरु नभएको देखिएकाले सो आग्रह गर्नुभएको बताएका हुन । विश्वमा अर्थतन्त्रको विकासका लागि आप्रवासीहरुको ठूलो योगदान रहेकाले यसको सम्मान गर्दै विश्वमा आप्रवासीहरुलाई विना कुनै भेदभाव सम्मान गर्नु पर्ने र उनीहरुको संरक्षणको खाँचो रहेको महासचिव गुटरेसले बताएका हुन । विश्व आप्रवासन दिवसका अवसरमा उनले जारी गरेको सन्देशमा सो कुरा बताएका हुन । उनले विश्वमा पछिल्ला वर्षहरुमा कुनै पनि देशको आन्तरिक द्वन्द्व तथा विविध कारणले आप्रवासीहरुको संख्यामा पनि बृद्धि भइरहेको जानकारी दिए । विश्वमा कोरोना महामारीका कारण देखिएको समस्याले आर्थिक मन्दी ल्याएको र यसबाट काम गरेर खाने बर्गका आप्रवासीहरुमा पनि समस्या उत्पन्न भएको भन्दै अहिले विश्वका आप्रवासीहरुको समस्या समाधानका लागि सबै पक्ष लाग्नुपर्ने पनि बताए । विश्वमा पछिल्ला वर्षहरुमा कुनै पनि देशको आन्तरिक द्वन्द्व तथा विविध कारणले आप्रवासीहरु देश छोडेर भाग्नुपर्ने अवस्था आएको र उनीहरु यस अर्को देशमा जाने क्रममा असुरक्षित यात्रा गर्न बाध्य भएकाले उनीहरुको सुरक्षाका लागि लाग्न पनि विश्वका देशहरुलाई आग्रह गरेका हुन । उनले मानवीय सहायताका क्षेत्रमा काम गर्न र उनीहरुका हक अधिकारका लागि पनि सचेत रहन विश्वमा आप्रवासीहरु रहेका देशका सरकारहरुसँग आग्रह पनि गरेका हुन । (रासस/सिन्ह्वा)

# विश्वकप फुटबलमा नेपालबाट करोडौको सट्टाबाजी भएको खुलासा

काठमाडौं, ४ पुस

विश्वकप फुटबललगायत विभिन्न खेलमा सट्टाबाजीमा नेपाली एजेन्ट सक्रिय रहेका छन् । एजेन्टमध्ये एक व्यक्तिले वर्षमा सट्टाबाजीमा करोडौं कारोबार गर्ने पाइएको छ । नेपाली एजेन्ट रहेका एक व्यक्तिको २५ मध्ये सात बैंक खाताको कारोबार परीक्षण गर्दा एक वर्षको अन्तरालमा सट्टाबाजीमा रु साँढे दुई करोड बराबरको कारोबार गरेको पाइएको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रहरी उपरीक्षक कृष्णप्रसाद कोइरालाले जानकारी दिए । खेलमा बढी रकम हारेका व्यक्तिको पहिचान गरी प्रलोभन देखाएर सट्टेबाजीको एजेन्ट बनाएको प्रहरीको भनाइ छ । सट्टेबाजीमा प्रयोग हुने 'वान एक्स बेट' मार्फत यसरी सट्टाबाजीको रकम सङ्कलन गर्ने कार्यमा चाँगुनारायण नगरपालिका- ९ ताथली बस्ने ३१ वर्षका सुनिल चौगुठी र सूर्यविनायक नगरपालिका-८ का २५ वर्षीय अजय भेल पक्राउ परेपछि तथ्य खुलेको हो । उनीहरुलाई मुलुकी अपराधसंहिताको दफा १२५ को उपदफा ४ बमोजिम सट्टाबाजी गर्न/गराउन नहुने कसुरअन्तर्गत कारबाही प्रक्रिया अघि बढाइएको छ । उनीहरुलाई वान एक्स बेटले खेलाडीमध्येबाट बढी रकम हारेका व्यक्तिको पहिचान गरी विभिन्न प्रलोभन देखाएर एजेन्ट बनाएको पाइएको छ । पक्राउ परेका व्यक्तिले सट्टाबाजी गराउन विगत एक वर्षदेखि एजेन्टको रुपमा काम गर्दै आएको खुलेको छ । सट्टेबाजीको रकम भने रेड्डी नामको एप्लिकेसन मोबाइलमा 'इन्स्टल' गर्न लगाई कारोबार गर्ने गरेको र त्यही रकम भुक्तानीको आधारमा कमिसन दिने गरेको पाइएको छ । अनुसन्धानका क्रममा पक्राउ परेका चौगुठीको २३ वटा बैंकको २५ वटा खाताको कारोबार विवरण माग गरिएकोमा हालसम्म सात बैंकमार्फत उनले एक वर्षको अवधिमा रु दुई करोड, ४५ लाख ७१ हजार आठ सय ९९ कारोबार गरेको खुल्न आएको र अन्य बैंकको विवरण प्राप्त हुने क्रममा रहेको कोइरालाले बताए ।

भेलको विभिन्न १९ बैंक खाताको कारोबार माग गरिएकोमा हालसम्म प्राप्त सात बैंकको खाताको विवरणमा करिब ६ महिनाको अवधिमा रु ६० लाख ३० हजार कारोबार भएको खुलेको छ । अनुसन्धानमा वान एक्स बेटमार्फत हुने कारोबार क्रिप्टोकरेन्सीको कारोबारसँग अन्तरसम्बन्धित रहेको पाइएको छ । सट्टाबाजी गर्ने समूह बढ्दो रहेको बताइएको छ । यसअघि मङ्सिर २८ मा पक्राउ परेका लमजुङका सुजन गौलीले उक्त सट्टेबाजीमा इसेवा, आइएमइ, खल्ती सेवाबाट मात्रै रु दुई करोड ३६ लाख कारोबार गरेको पाइएको छ । अनुसन्धानका क्रममा अन्य विभिन्न २६ डिजिटल वालेटमार्फत उनले झण्डै रु आठ करोड बराबरको कारोबार गरेको खुल्न आएकोमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ । मङ्सिर २६ पक्राउ परेका ललितपुरका आदर्श ठाकुरले पनि यस्तै एपमार्फत रु दुई करोड बढीको कारोबार गरेको फेला परेको थियो । उनी पनि प्रहरीको अनुसन्धानमै छन् । मङ्सिर २५ गते पाल्पाका रुद्रप्रसाद पोखरेल र भारतका





पवनकुमार शर्मा काठमाडौँको नरदेवीबाट सट्टेबाजीकै कसूरमा पक्राउ परेका थिए । पछिल्ला घटनाक्रमले प्रविधिको दुरुपयोग तीव्र रुपमा बढिरहेको देखिएको र त्यहीमार्फत प्रलोभनमा परेर मानिस ठूलो रकम ठगीमा पर्ने गरेकाले त्यसबाट सतर्क रहनुपर्ने केन्द्रिय प्रहरी प्रवक्ता प्रहरी नायब महानिरीक्षक टेकप्रसाद राई बताउछन ।रासस

# नाइजेरियामा हैजाको प्रकोप, कम्तीमा २० जनाको मृत्यु

अबुजा, ४ पुस

नाइजेरियामा पछिल्ला केही महिनायता हैजाको प्रकोप बढेको स्थानीय सञ्चारमाध्यमले जनाएका छन् । हैजाको प्रकोपमा परी यहाँका कम्तीमा पनि २० जनाको ज्यान गएको बताइएको छ ।नाइजेरियाको दक्षिणी क्रस रिभर राज्यमा बढी मात्रामा हैजाको प्रकोप बढेको देखिएको र ज्यान जानेमा सोही राज्यका नागरिक बढी रहेका अधिकारीले बताएका छन । यहाँको स्थानीय अबि क्षेत्रमा हैजाको प्रकोप बढी फैलिएकोले के कारणले यहाँ प्रकोप फैलियो भन्ने विषयमा सरकारले अनुसन्धान थालेको बताइएको छ ।

यहाँका १० ओटा गाउँमा हैजा फैलिएको पाइएको छ । यहाँका ती गाउँमा मात्र सयौं मानिस विरामी भइ अस्पताल भर्ना भएका छन् ।उनीहरूलाई



हैजाको प्रकोपको आशङ्कापछि विशेषज्ञ चिकित्सकद्वारा उपचार सेवा गरिरहेका यहाँका स्वास्थ्य अधिकारीले जानकारी दिएका छन् ।सरकारले ती क्षेत्रमा सफा पानीको प्रबन्ध र सरसफाईका कामलाई अघि बढाएको जनाएको छ । साथै गाउँलेहरूलाई सरसफाईसम्बन्धी सचेतना कार्यक्रम पनि सञ्चालन गरिएको बताइएको छ । नाइजेरियामा घना बस्तीहरूमा खानेपानी, सरसफाई तथा अन्य आवश्यक स्वास्थ्य पूर्वाधारको अभावमा हैजाको प्रकोप बारम्बार फैलिने गरेको छ । (रासस/सिन्ह्वा)



बाक्लो कुहिरोसँगै जलेश्वरमा जाडो बढ्दै : महोत्तरी जिल्लाको सदरमुकाम जलेश्वरमा सोमबार बिहान बाक्लो कुहिरोको बीच असहनीय जाडो ।

*तस्बिर : सञ्जीतकुमार मण्डल / रासस*

# पोखरीया नगरपालिमा जेनेरेटर नहुँदा सेवाग्राहीलाई सास्ती




वीररगंज ४ पुस ।
पर्साको ग्रामिण सदुरमुकामको रुपमा रहेको पोखरीया नगरपालिकामा सामान्य जेनेरेटर समेत नहुँदा लाईन जाने समयमा सेवाग्राहीहरुले सास्ती खेप्दै आएका छन् । नगरपालिकाको लापरवाहीको कारण ६ महिना अघि विग्रिएको जेनेरेटर मर्मतमा दिईएको तर त्यसको मर्मत खर्च मेकानिकलाई नदिदा नगरपालिकाको जेनेरेटर नै मेकानिकको कब्जामा रहेको छ । नगरपालिकाले पैसा नतिरेको कारण जेनेरेटर मर्मत भएर पनि नल्याईएको कार्यालयका कर्मचारीहरुले नै गुनासो गरेका छन् ।

विगत ५/६ महिना देखि नै दिनमा पटक पटक लाईन जाने र लाईन गएको समयमा कम्प्युटर, नेट लगायतका सम्पूर्ण सेवाहरु ठप्प हुँदा सेवाग्राही प्रभावित भएका छन् । विशेष गरी राष्ट्रिय परिचयपत्र, नागरिकता, पासपोर्ट, जन्मदर्ता, मृत्यु दर्ता, विभिन्न किसिमका सिफारिस लिन पुगेका सेवाग्राहीहरु दिनभर कुर्दा पनि लाईन नआउने गरेको र नगरपालिकामा जेनेरेटर नहुँदा लाईन गएको समयमा कुनै काम नहुने गरेको हुँदा आफूहरुले सास्ती खेप्दै आएको बताएका छन । जनप्रतिनिधि तथा प्रमुख प्रशासकिय अधिकृतको सामान्य लापरवाहीको कारण ६ महिना देखि सेवाग्राहीहरु प्रभावित हुँदा समेत त्यस तर्फ ध्यान नदिनु आफैमा उदेक लाग्दो विषय हो । यस सम्बन्धमा पोखरीया नगरपालिकाका नगर प्रमुख प्रदुमन चौहानले यो प्राविधिक विषय भएकोले हाकिमलाई सोध्न आग्रह गर्दै अब आफू काठमाण्डौबाट फर्किएपछि नयाँ जेनेरेटर किन्ने र उत्पन्न समस्याको समाधान गर्ने बताउनु भयो । हेर्दा विषय सानो भए पनि यसबाट नगरपालिकाकै सम्पूर्ण काम ठप्प हुँदा जनप्रतिनिधि र प्रमुख प्रशासकिय अधिकृतले यस तर्फ ध्यान नदिनु चरमलापरवाही भएको सेवाग्राहीले बताएका छन् ।

# कर्मचारीको अभावमा स्वास्थ्य सेवा केन्द्र

मुकेश कुमार साह
रौतहट ४,पुस
रौतहटको फतुवा विजयपुरमा रहेको एक स्वास्थ्य संस्थामा कर्मचारी अभाव छ। वडानम्बर १ बैरगनियामा रहेको श्री आधार भूत स्वास्थ्य सेवा केन्द्रमा स्वास्थ्यकर्मी अभाव रहेको पाईएको छ । स्वास्थ्यकर्मीको अभाव भएपछि सेवा प्रवाहमा समस्या भएको छ।

सो स्वास्थ्य संस्थामा एक जना करारका कर्मचारी प्रदिप साहमात्र कार्यरत छन् । उनी एक्लैले कार्यालय प्रमुख देखि कार्यालय सहयोगी सम्मको काम गर्छन्। उनी नआएको दिनभने दिनभरी स्वास्थ्य सेवा केन्द्र बन्द रहन्छ । उनी गत १४ गते देखि पुस २ गते सम्म छुट्टीमा बसेका थिए । सो अवधीमा स्थानीय सेवाग्राही स्वास्थ्य सेवालिन बाट बन्चित भए । स्वास्थ्यकर्मीको अभावमा यसरी लामो समयसम्म स्वास्थ्य सेवा बन्दहुनु दुखद भएको स्थानीय रुपेश यादवले बताए। मानवको सबैभन्दा महत्वपुर्ण पाटो स्वास्थ्य नै रहेकोले यसमालापरवाहीगर्न नहुने उनी बताउँछन । यस बिषयमा स्थानीय निकायगम्भीर हुनु पर्ने उनको भनाई छ । दुई वटा कोठाहरू भाडामा लिएर फतुवा विजयपुर नगरपालिकाले आधारभूत स्वास्थ्य सेवा केन्द्र सञ्चालनमा रहेको छ ।
त्यहाँ स्वास्थ्य उपकरण लगायतको समेत अभाव छ । पटक-पटक नगरपालिकाका स्वास्थ्य संयोजक मार्फत गुहार्दा पनि सुनवाई भएको छैन्।
यस बिषयमा स्वास्थ्य शाखा संयोजक रघुनाथ साह सँग बुझ्दा कर्मचारी अभाव बारे आफूले नगरपालिकालाई खबर गरिसकेको बताए । तर नगरपालिका अस्तव्यस्त भएका कारण अहिलेसम्म व्यवस्थापन हुन नसकेको गुनासो गरे । केहि समय अगाडी फतुवा विजयपुरका मेयर गोपाल राययादव भ्रष्टाचार मुद्दामा निलम्वित भएपछी नगरपालिका अस्तव्यस्त बनेको हो । दोहोऱ्याएर मेयर भएका रौतहटको फतुवा विजयपुर नगरपालिकाका प्रमुख गोपाल राययादवखनिर्वाचित घोषित भएको एक महिनामै निलम्बित भएका थिए । लालबकैया नदीको ढुंगा, गिटी, बालुवाको ठेक्कामाअनियमितता गरेको आरोपमाअख्तियार दुरुपयोग अनुसन्धानआयोगले उनीविरुद्ध मुद्दा दायर गरेको हो। अहिले सो नगरपालिकामा निमित्त नगरप्रमुख भएर उपप्रमुख अम्बिया खातुनले कामकाज गर्दै आएकी छन्।

# सहकारी माथी नियमन सुरु

मधेशदृष्टि
वीररगंज पुस ४ ।
सहकारी क्षेत्रलाई व्यवस्थित बनाउन जीतपुरसिमरा उपमहानगरपालिकाले नियमन प्रक्रिया थालेको छ । सहकारी ऐन २०७४ र सहकारी नियमावली २०७५ बमोजिम उपमहानगरपालिकाले नियमन गर्ने प्रक्रिया सुरु गरेको हो । उपमहानगरपालिकाले सूचना जारी गर्दै संस्थागत तथा व्यवसायिक कारोवारको विवरण कोपोमिसमा अनिवार्य प्रविष्ट गर्न सहकारी क्षेत्रलाई आग्रह गरेको छ। उक्त कार्यका लागि उपमहानगरपालिका अन्तर्गत रहेको सहकारी तथा रोजगार प्रवर्द्धन शाखाले सहजीकरण गर्ने जनाएको छ । उमहानगरपालिकाले जारी गरेको सूचनामा प्रत्येक महिनाको सात दिनभित्र मासिक, प्रत्येक चौमासिक अवधी व्यतित भएको १५ दिन भित्र चौमासिक र आर्थिक वर्ष व्यतित भएको ३० दिन भित्र वार्षिक प्रतिवेदन रजिष्ट्रारले तोकेको ढाँचा बमोजिम एकिकृत सूचना व्यवस्थापन प्रणाली (कोपोमिस) मा दाखिला गर्न आग्रह गरेको छ । उक्त कार्यका लागि उपमहानगरपालिकाको सहकारी शाखाका सम्पर्क गर्न समेत सूचनामार्फत आग्रह गरिएको छ ।

# नारायणी वाङ्मय जागृत हुँदै

मधेशदृष्टि
वीरगञ्ज, पुस ४।
आर्थिक नगरी वीरगञ्जमा साहित्यिक गतिविधि बढाउनेतर्फ साहित्यिक अनुरागीहरु सक्रिय भएका छन् । विगतमा थुप्रै साहित्यकारहरु जन्माएको वीरगञ्जमा पछिल्लो समय साहित्यतर्फको रुची घट्दै गएको आभाष गर्दै साहित्यमा रुची राख्नेहरुको जमघटले साहित्यिक गतिविधि बढाउनेमा जोड दिएका छन् । वि.स. २०४४ सालमै स्थापित भएर थुप्रै काम गरेपनि पछि निदाएको नारायणी वाङ्मय प्रतिष्ठानलाई पुनः जागृत गरीसकेपछि वीरगञ्जमा साहित्यिक गतिविधि बढ्ने विश्वास साहित्यकार एवम् वीररष्ठ पत्रकार जगदिश शर्माले व्यक्त गरेका छन् ।
प्रतिष्ठानका अध्यक्ष डा. विश्वम्भर कुमार शर्माको अध्यक्षतामा सोमबार बसेको बैठकले आगामी पुस ३० गते वीरगञ्जको माइस्थान चोकमा साहित्यिक कार्यक्रम गर्ने निर्णय गरेको प्रतिष्ठानका सचिव महेशचन्द्र गौतमले जानकारी दिए । सचिव गौतमका अनुसार बैठकले मधेश प्रदेशका ८ वटै जिल्लाबाट प्रतिनिधित्व हुने गरी कार्यसमितिलाई बिस्तार गर्ने निर्णय गर्नुका साथै त्यसको जिम्मेवारी अध्यक्ष डा. शर्मालाई दिईएको छ । हरेक महिनाको अन्तिम शनिवार बिहान ८ बजे प्रतिष्ठानको मासिक बैठक बस्ने निर्णय पनि बैठकले गरेको सचिव गौतमले बताए ।

# किसान हक हित सघर्षको माग पेट्रोलपम्प छानविन

वीररगंज पुस ।
मधेशदृष्टि
किसान हक हित संघर्ष समिति पर्साले कृषि कर्मसँग इन्धनको सम्बन्ध जोडिएको हुँदा पर्साको ग्रामिण क्षेत्रमा रहेका पेट्रोल पम्पहरुको मापन यन्त्रको परिक्षण गर्न माग गरिएको छ ।
ज्ञापन पत्रमा पर्साका ग्रामिण क्षेत्रमा रहेका अधिकांश पेट्रोल पम्पहरुले मापन यन्त्र विगारी खुलेयाम कम परिणाममा तेल दिने गरेको जनाउदै दोषी पेट्रोल पम्पलाई कारवाही गर्न माग गरिएको छ ।
जिल्ला प्रशासन कार्यालय पर्सा मार्फत उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयमा आज संघर्ष समितिका अध्यक्ष सहरुम राउत गद्दीको नेतृत्वमा आएका किसानहरुको टोलीले बुझाएको ज्ञापन पत्रमा खेत जोत्ने देखि सिंचाई हुँदै भित्र् याउने सम्मको कार्यमा इन्धनको प्रयोग गर्न बाध्य भएका किसानहरुलाई अहिले पर्साका ग्रामिणक्षेत्रका पेट्रोल पम्पहरुले उपभोक्ता अधिकारको उल्लंघन गरी पेट्रोल पम्पको मिटर विगारेर कम परिणामा तेल दिदै आएको हुँदा यस्ता पेट्रोल पम्पहरुको मन्त्रालय स्तरकै संयन्त्रबाट अनुगमन गरी कारवाही गर्न माग गरिएको छ ।

# किसान संघको अध्यक्षमा त्रिपाठी

मधेशदृष्टि
वीररगंज पुस ४।
नेपाली कांग्रेस निकट नेपाल किसान महासंघको पर्सा जिल्ला अध्यक्षमा युवा नेता अरविन्द त्रिपाठी मनोनित भएका छन् ।महासंघको संगठन विस्तार एवम् आगामी जिल्ला अधिवेशन तोकिएको समस्या सम्पन्न गर्ने गरी महासंघको पर्सा जिल्ला अध्यक्षमा त्रिपाठीलाई मनोनित गरिएको हो । त्रिपाठी कांग्रेससँग आबद्ध रहेर विगत अढाई दशकदेखि राजनीतिक गर्दै आएका छन् ।उनलाई महासंघका केन्द्रीय अध्यक्ष गणेशचन्द्र तिमिल्सिनाले जिल्लाका सम्पूर्ण वडा, पालिका, प्रदेश र संघीय निर्वाचन क्षेत्रहरुको अधिवेसन गरी २०७९ चैत्र मसान्त भित्र जिल्ला अधिवेशनसमेत समपन्न गर्न जिम्मवारी दिएका छन् ।

# पिकअप भ्यान सहित सालको काठ बरामद

मुकेश कुमार साह
रौतहट ४,पुस
रौतहटमा सशस्त्रप्रहरीले अवैध चिरान गरिएको सालको काठ सहित पिकअप भ्यानलाई नियन्त्रणमा लिएको छ ।
मौलापुर नगरपालिका वडा न ३ बाट अबैध रुपमा लैजादै गरेको ४४ क्यूविक फिट सालको चिरान काठ नियन्त्रणमा लिईएको डिभिजन वनकार्यालय रौतहटका प्रमुख सुनिल कर्णले बताए । सशस्त्र प्रहरी बल नेपाल ११ नम्वर गण हजमिनियाँले नियन्त्रमा लिई बुझाएको उनले जनाए । रौतहटबाट सशस्त्र प्रहरी निरीक्षक जय बहादुर चौधरीको कमाण्डमा खटिएको प्रहरी टोलीले बा.२०च. ३६३४ नम्वरको बोलेरो पिकअप भ्यानबाट सो बराबरको काठ



बरामद भएको सशस्त्र प्रहरीका एसपी ध्रुबबहादुर कार्कीले बताए ।सशस्त्र प्रहरीलाई देख्नासाथ चालकले पिकअप भ्यान छाडेर भागेका थिए । २ लाख ४२ हजारको काठ र अन्दाजी पिकअप भ्यानको मूल्य १५ लाख गरी १७लाख ४२ हजारको मूल्याँकन गरी आवश्यक कारवाहीको लागि डिभिजन वनकार्यालयमा राखिएको छ ।

# पोखरियामा महामारी जन्य रोगबारे प्रशिक्षण




मधेशदृष्टि
वीररगंज पुस ४ ।
पोखरिया नगरपालिका को स्वास्थ्य शाखाले कोभिड १९ लगायत विीरभन्न महामारीजन्य रोगहरूको रोकथाम निमन्त्रण तथा निगरानीको सम्बन्धी कार्यक्रम आयोजना गरिएको छ पोखरिया नगरपालिकाको स्वास्थ्य शाखा प्रमुख कौशलेंद्र मिश्राको सभापतित्वमा भाएको कार्यक्रममा पोखरिया अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डाक्टर संजय यादवले प्रशिक्षण दिएका थिए ।
कार्यक्रममा जिल्ला उचांगल रामदेव कलवार प्राविधिक नमूना विद्यालय पोखरियाको प्रधानाध्यापक ओमप्रकाश रौनियार, नेपाल रेडक्रास सोसायटी शाखा कार्यालय पोखरियाका सभापति भगवान प्रसाद कुर्मी, स्वास्थ्य शाखाका शिव पटेल लगायतको सहभागिता रहेको थियो ।

# २३ एसपीहरुको सरुवा

मधेशदृष्टि
वीररगंज ४ पुस ।
पर्सा सहित ८ जिल्लाका प्रहरी प्रमुख तथा २३ जना एसपीहरुको प्रहरी प्रधान कार्यालयले सोमबार काज सरुवा गरेको छ । काज सरुवामार्फत पर्साका एसपी रमेश कुमार बस्नेतको काठमाण्डौ उपत्यका प्रहरी कार्यालय रानीपोखरीमा सरुवा भएको छ भने बाराको पथलैया स्थित नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय मधेश प्रदेशका प्रमुख एसपी नान्तीराज गुरुङ्गको कर्णली प्रदेश कार्यालय सुर्खेतमा सरुवा भएको छ ।
यसैगरी पर्सामा नयाँ एसपीको रुपमा कोमश शाह आउने भएका छनु । त्यसैगरी दुर्गाराज रेग्मी झापा, विश्वराज खड्का धनुषा, नरेशराज सुवेदी सर्लाही र राजकुमार सिलवाल सिन्धुली पठाइएका छन् । त्यस्तै सन्तोष सिंह् राठौर बाँके, योगेन्द्र सिंह थापा सुर्खेत र देबेन्द्रबहादुर पाल कैलालीका प्रहरी प्रमुख बनाईएको छ ।

S S Product
माधो एग्रो
धान थ्रेसर



तोरी, मकै, भटमास, समेत दाइ गर्न सकिने
हामी कहाँ ब्रह्मपुरीको हैरो, लेब्लर, कल्टीभेटर तथा अन्य कृषि उपकरणहरु समेत पाइन्छ ।
कुनै पनि कम्पनीको पुरानो थ्रेसर ल्याउनुहोस् । नयाँ थ्रेसर मात्र रू. २,२५,000।- मा लिएर जानुहोस् ।
माधो एग्रो थ्रेसरको विशेषताहरु:
१. ८ गेजको चादरबाट टापा निर्माण गरिएकोले बढी टिकाउ हुने ।
२. १ घण्टामा ८० देखि १०० मनसम्म धान झार्न सकिने ।
३. पराल लामो तथा टाढा सम्म फाल्न सकिने ।
४. १ सिजनको पूर्ण वारेन्टी भएको ।
५. सुकेको र गिलो भएको धान सजिलै संग सफा झार्न सकिने ।
६. खेत तथा घरदैलोमा समेत २४ औं घण्टा कम्पनीको मेकानिकबाट रेखदेखको व्यवस्था ।
७. स्पेयर पार्टसहरु सजिलै सँग उपलब्ध हुने ।
८. डबल फ्लाइव्हिल जडान गरिएको ।
९. ड्रम साइज ६ तथा ६.५ फिटमा उपलब्ध ।
१०. I.S.O. बाट प्रमाणित भएको ।
* शर्तहरु लागु हुनेछ ।
सम्पर्क: त्रिशक्ति ट्रेडर्स, प्रतिमा चौक, वीरगंज, मो.नं. ९८५५०२१२८१
शाखा कार्यालय: भरतपुर, चितवन, ९८५५०३७०९९

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका-१५, दर्ता नं. ३११-०७९/८०, सम्पर्क ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम उ.म.न.पा. वडा नं.-२, कदमचौक (नेपाल), E_Mail:madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, प्रधान सम्पादक : विश्वमणि पोखरेल